# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : ज्वालामूखी गाउँपालिका, धादिंग , ज्वालामुखी गाउँपालिका , धादिङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | बद्री नाथ लम्साल | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | बिदुर शर्मा नेपाल | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | १६६,४८८,८७१ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ५,०४,१०,०१० | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३३,९९,५२,०८० | **चालु खर्च** | २९,३५,८२,३४१ |
| **प्रदेश सरकारबाट अनुदान** | ७,६२,९२,२०१ | **पूँजीगत खर्च** | १७,३९,२४,५२९ |
| **राजश्व बाँडफाँट** | ७,५७,८१,५९९ | **वित्तीय/अन्य व्यवस्था** | ११,९६,२०,००० |
| **आन्तरिक आय** | ५१,३९,३८१ | | |
| **अन्य आय** | ११,९०,१७,००५ | | |
| **कुल आय** | ६१,६१,८२,२६६ | **कुल खर्च** | ५८,७१,२६,८७० |
| **बाँकी मौज्दात** | | ७,९४,६५,४०६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १ | | | **परीचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको<br>स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनश्चत गरी नागरिकलाई<br>गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा, ३९ सभा सदस्य, वर्ग किलो मिटर क्षेत्रफल तथा २६०४५ जनसंख्या रहेको छ । | |
| २ | | | **संचितकोषको अवस्था**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकालेप्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष 207७/ 7८ को कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः | |

| | टिप्पणी | यस वर्ष रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५४२२७९४२४.१ | ४८८०१९०६५.२५ | | ४८८०१९०६५.२५ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५४२२७९४२४.१ | ४८४४४४०६० | ० | ४८४४४४०६० |
| ११००० कर | ११ | ९२३५९४३० | ७५७८१५९९ | ० | ७५७८१५९९ |
| १३००० अनुदान | | ४०७६७२४६१ | ४०३५२३०८० | ० | ४०३५२३०८० |
| संघीय सरकार | १२ | ३३९९५२०८० | ३३९९५२०८० | ० | ३३९९५२०८० |
| प्रदेश सरकार | १२ | ६३५७१००० | ७६२९२२०१ | ० | ७६२९२२०१ |
| अन्तरिक श्रोत | | ४१४९३८१ | ५१३९३८१ | ० | ५१३९३८१ |
| १४००० अन्य राजस्व | | ४२२४७५३३.१ | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | | ३५७५००५.२५ | | ३५७५००५.२५ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० |
| कोषहरु | | ० | ० | ० | ० |
| धरौटी | | ० | ३५७५००५.२५ | ० | ३५७५००५.२५ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ५४२३३९४२४.१ | ४७१६८५१९३.१९ | | ४७१६८५१९३.१९ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५४२३३९४२४.१ | ४६७५०६८७१.९२ | | ४६७५०६८७१.९२ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १६८७५२५८० | १५६२७१९४२.६४ | ० | १५६२७१९४२.६४ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ११४११४९३० | १००६६४५९६.३१ | ० | १००६६४५९६.३१ |
| २५००० सहायता (Subsidy) | १८ | १८६१७००० | १६११३८९० | ० | १६११३८९० |
| २६००० अनुदान | १८ | ९४५८००० | ९१२९१३० | ० | ९१२९१३० |
| २७००० सामाजिक सुरक्षा | १८ | १०९४२००० | ९४८३३४१ | ० | ९४८३३४१ |
| २८००० अन्य खर्च | १८ | २२५०००० | १९१९४४२ | ० | १९१९४४२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २१८२०४९१४.१ | १७३९२४५२९.९७ | ० | १७३९२४५२९.९७ |
| घ. अन्य भूक्तानी | | | ४१७८३२१.२७ | | ४१७८३२१.२७ |
| कोषहरु | | ० | ० | ० | ० |
| धरौटी | | ० | १८२२८८१.२८ | ० | १८२२८८१.२८ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | २३५५४३९.९९ | | २३५५४३९.९९ |
| ङ. यो वर्षको बचत (न्युन) | | -६०,००० | १६३३३८७२.०६ | | १६३३३८७२.०६ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ५०४१००१०. | | ५०४१००१०. |
| वर्षान्तको बाकी रकम (ङ + च) | | -६०,००० | ६६७४३८८२.०६ | | ६६७४३८८२.०६ |

३

**संचित कोषमा नसमेटीका कारोबार**

गाउँपालिकाले पेश गरेको वित्तिय प्रतिवेदनमा अन्तर सरकारी वित्तीय अनुदान खर्च शिर्षकहरु समावेश नभएका आइटम निम्नानुसार छन् ।

| सि.नं. | खर्च शीर्षक | निकासा रकम | खर्च रकम |
|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | ९८५९४४०० | ९८५९४४०० |
| 2 | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ९००००००० | ९००००००० |
| 3 | प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम | ७६६३८४७ | ७६६३८४७ |
| 4 | राष्ट्रिय परिचयपत्र तथा पंजिकरण विभाग | १८४००० | १८४००० |
| | जम्मा | ११५४४२२४७ | ११५४४२२४७ |

४

**वित्तीय विश्लेषण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा पालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन ।

·स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।

· स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु ३ करोड ५८ लाख ३४ हजार ले फरक देखिएको छ ।

· लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS basedढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

५

**मौज्दात फरक**

१२०,५४०,१११.९

स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु.

| खाताको प्रकार | खाता अनुसार बाकी रु | बैक अनुसार बाँकी | फरक |
|---|---|---|---|
| ग २.२, चालू खर्च खाता- जोर वर्ष | ५९११५५९.०५ | ४६९८७९३२ | |
| ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष | १११५६६६१.०४ | २२४८०२२१ | |
| ग ३.१, स्थानीय तह धरौटी खाता | ६६००४०४.१२ | ६६००४०४ | |
| ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | १३२८६८९.६ | ६९४६८८६७ | |
| जम्मा | २४९९७३१३.८१ | १४५५३७४२४ | १२०५४०१११ |

६

**खर्च विश्लेषण**

पालिकामा यसबर्ष कुल आन्तरिक आयबाट रु. ५१ लाख ३९ हजार राजस्व बाँडफाँटबाट रु. ७ करोड ५७ लाख ८१ हजार र अनुदानबाट रु ४० करोड ३५ लाख २३ हजार र अन्य आयबाट रु ३५ लाख ७५ हजार समेत रु ५१ करोड ३९ लाख ३८ हजार आम्दानी भएकोमा (अन्तर सरकारी वित्तिय अनुदान बाहेक) चालु तर्फ रु.२९ करोड ३५ लाख ८२ हजार र पूँजिगत तर्फ रु १७ करोड ३९ लाख २४ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ५१ लाख ३९ हजार (१.०९९)प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारीको पारिश्रमिक शिर्षकमा रु १३ करोड ५७ लाख ७० हजार खर्च भएको छ जुन आन्तरिक आयको ३ गुणा बढी रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६३ प्रतिशत चालु र ३७ प्रतिशत पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ ।

७

**विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो आर्थिक वर्ष २०७७।७८ मा खाना तथा विविधतर्फ मात्र रु ३९७४००० । खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

८

**रकमान्तर**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा बमोजिम चौमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।प्राप्त विवरण अनुसार आषाढ महिनामा मात्र १३ करोड ४८ लाख ८९ हजार खर्च भएको देखिन्छ। वर्षान्तमा हतारमा काम गराउँदा अनुगमन प्रभावकारी नभई कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप चौमासिक व्यवस्थापन गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

९

**बजेट पेश तथा पारित**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री जानुका सिंमखडा मिति २०७६।०३।१० गते रु.५४ करोड २३ लाख३८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।०३।२० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले.२०७७।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

१० **बजेट तर्जुमा तथा खरिद**

१०.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७को नियम ३५(१) मा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसुचि २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ ।नियमानुसार कार्यालयले त्रैमासिक विवरण तयार नगरी चौमासिक विवरण पेश गरेको छ । अत त्रैमासिक रुपमा खर्च र प्रगति विवरण विवरण तयार गर्नुपर्दछ ।

१०.२ पालिकाको कुल बजेट ५४ करोड २३ लाख ३९ हजार र खर्च ४६ करोड ७५ लाख ०६ हजारको आधारमा समग्रमा ८६ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेटको स्थिति निम्नानुसार रहेको छ ।

| क्र स | क्षेत्रगत बजेट | रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| १ | आर्थिक विकास | ३१९९४६४८ | ६.८ |
| २ | सामाजिम विकास | २३०६३२६४१ | ४९.३३ |
| ३ | पूर्वाधार विकास | १०२००४७७७ | २१.८१ |
| ४ | सुशासन तथा अन्तरसम्वन्धित | ५९१४८९० | १.२६ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | ९६९५९९१४ | २०.७३ |
| **जम्मा** | | **४६७५०६८७१** | **१००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक विकास ४९.३३ प्रतिशत, पूर्वाधार विकासमा २१.८१ प्रतिशत र कार्यालय संचालन तथा प्रशासनिकमा २०.७३ प्रतिशत र आर्थिक विकास तर्फ ६.८ प्रतिशत रहेको देखियो ।अत: आर्थिक विकास तथा वित्तिय व्यवस्थापन र सुशासन क्षेत्रमा बजेट विनियोजन गरी सो क्षेत्रमा सुधार गर्नुपर्ने देखियो ।

१०.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था रहेको छ । पालिकाले यस सम्वन्धी प्रभावकारी नितिगत व्यवस्था नगरी बजेट तर्जुमा गर्ने गरेको हुदा यस प्रकारको कार्यमा सुधार गरिनुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| १०.४ | १५० | २०७८-३-३० | अर्थ मन्त्रालयद्धारा जारी गरिएको कार्य संचालन निर्देशिका २०७५ को बुदा नं ७ अनुसार गाँउपालिका स्तरमा संचालित कार्यक्रममा आन्तरिक प्रशिक्षकलाई कार्यप्रत्र तयार गरे बापत प्रति कक्षा रु ७०० का दरले भुक्तानी दिने व्यवस्था रहेको छ । पालिकाले पंजिकरण शाखाको कार्यक्रम व्यक्तिगत घटना दर्ता कार्यक्रम संचालन गर्दा २२ जनालाई रु ५०० का दरले यातायात खर्च दिई बढी भुक्तानी भएको रु ६६०० र ५ जना आन्तरिक प्रशिक्षकले कक्षामा सहजिकरण गरेको भनी ८ वटा कक्षाको रु २००० का दरले भुक्तानी दिई बढी भुक्तानी दिएको रु १०४०० गरी कुल रु १७००० बढी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु | १७,००० |
| १०.५ | | | स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार जनताको माग र समयको मागको वास्तकिक तथा वस्तुगत तथ्यगत अध्ययन पश्यात योजना तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले योजना तर्जुमा गरिसकेपछी आ व को अन्त्यमा आएर १२ वटा योजनाको रु८२ लाख ४१ हजार रकम बराबरको योजना हटाई पछि ४१ योजना थप गरी गरी रु १ करोड ३४ लाख ४० हजार को योजना थप भएको छ । हतार हतारमा आ व को अन्त्यमा योजना थप गरी कार्यान्वियनमा ल्याएकोमा त्यसको प्रभावकारी रुपमा सदुपयोग भएको तथा प्रभावकारी रुपमा योजना संचालन भएको कुरामा विश्वस्त हुने आधार देखिएन । | |
| १०.६ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुमा पालिकाले पेश गरेको विवरणमा विभिन्न शिर्षक जस्तै साना सिंचाई मर्मत . खानेपनी मर्मत र तारजाली खरिद तथा प्रधानमन्त्री रोजगार कार्यक्रममा सामान खरिद भनी रु १७ लाख गरी रु ४० लाख को अवण्डा राखेको छ । नियमावली अनुसार प्राथमिकताको आधारमा बजेट शिर्षकगत रुपमा बर्गिकरण गरी खर्च गर्नुपर्दछ । | |
| ११ | | | **उपदान कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिका मातहत १ जना उक्त कोषबाट लावान्वित हुने कर्मचारी रहेको अवस्थामा पालिकाले हालसम्म पनि अवकास कोष नवनाएको हुदा अवकोष कोष बनाई उपदानमा जाने कर्मचारीको मासिक तलव भत्ता बाट १० प्रतिशत रकम कट्टी गरी १० प्रतिशत कार्यालयले थप गरी कोष संचालन गर्नुपर्दछ । | |
| १२ | | | **कानुन निर्माण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार गाँउपालिकाले हालसम्म ५० वटा ऐन, कानुन, कार्यविधी, निति निर्माण गरी कार्यान्यनमा ल्याएको छ। उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| १३ | | | **आन्तरिक नियन्त्रणको विविध पक्ष** | |
| १३.१ | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा सो गरेको पाईएन । सो सम्वन्धमा देखिएका अन्य व्यहोरा निम्नानुसार रहेका छन्<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा नगरेको ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेमा पूर्ण रुपमा नगरेको<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको नराखेको<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार नगरेको<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरेको<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक नगरेको<br>• सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नगरेको<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक गर्नु गर्नुपर्नेमा कार्यालयले नगरेको हुदा आगामी दिनमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ । | | |
| १३.२ | | | सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् । सूचना प्रविधी नियन्त्रण वातावरणका सम्बन्धमा लेखापरीक्षणमा निम्नानुसार देखियो ।<br>• कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्वतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको ।<br>• सूचना प्रविधी पद्वतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको ।<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको ।<br>• सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको । कार्यालयले आफ्नो सुचना प्रणालीलाई व्यवस्थित गराउनुपर्दछ । | | |
| १३.३ | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ मा सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि मलेप फारामको व्यवस्था गरिएको फारम अनुसार विवरण तयार गरी तथ्याङ्क अद्यावधिक गर्नुपर्ने कार्यालयले सो सम्वन्धि विवरण तयार गरेको देखिएन । यस सम्वन्धमा निम्नअनुसारको व्यहोरा देखियो । | | |

| | | | | |
|---|---|---|---|---|
| | | | • म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक पूर्ण रुपमा विवरण नराखेको ।<br>• म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख अद्यावधिक नभएको ।<br>• पालिकाले सवारी साधन तथा मेशिनरी साधनको मर्मत अभिलेख खाता अद्यावधिक गरी यस सम्वन्धमा हुने खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ । | |
| १३.४ | | | भ्रमण खर्च नियमावली २०६४ अनुसार भ्रमणमा जाने कर्मचारीले भ्रमण समापन भइसकेपछि भ्रमण प्रतिवेदन पेश गर्नुपर्नेमा भ्रमण प्रतिवदेन पेश नगरी भ्रमण खर्च लेखेको पाइयो । यस कार्यमा सुधार गरी आगामी दिनमा भ्रमण प्रतिवेदन बेगर भ्रमण खर्च भुक्तानी गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| १३.५ | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ अनुसार सार्वजनिक निकायले बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । पालिकाले म ले प फारम बेरुजु लगत अध्यावधि गर्नुपर्दछ । | |
| १३.६ | | | स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३३ अनुसार विशेष कारण तथा परिस्थिति बाहेक कुनै बाध्यात्मक अवस्थामा मात्र रकमान्तर नगर्ने तथा कार्यक्रममा भेरियसन आदेश दिन नहुने गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले ऐन तथा नियमालवीको व्यवस्था विपरित रकमान्तर तथा भेरियसन गर्नुपर्ने कारण तथा अवस्था उल्लेख नगरी एक पटक आवस्यकता पहिचान गरी छनौट गरेका योजनाको आ व को अन्त्यमा कारण बेगर रकमान्तर तथा भेरियसन आदेश गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| १४ | | | **न्यायिक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो बर्ष २ वटा विवाद दर्ता भएकोमा २ वटै विवाद टुङ्गो लागेको देखिन्छ। | |
| १५ | | | **कर्मचारी व्यवस्थापन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चकोआकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १०० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षणअवधिसम्म ७९ जना पदपूर्ती भएको देखिन्छ भने २१ पदहरु रिक्त रहेका छन् । यसरी ठूलो संख्यामा दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथासक्य छिटा पूर्ति गी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १६ | | | **कोभिडको पूर्व तयारी सम्बन्धी कार्य**<br>कोभिडको संभावित लहरको आँकलन गरी पूर्व तयारी सम्बन्धमा आर्थिक वर्ष २०७७।७८ मा पालिकाबाट निम्न बमोजिमका कार्यहरु सम्पादन भएको देखियोः<br>• परीक्षा केन्द्रहरुमा मास्क वितरण तथा हेल्थ डेस्क स्थापना तथा संचालन<br>• तेस्रो मुलुकबाट गाउँपालिका भित्रिएकाहरुका लागि क्वारेन्टिन तथा हेल्थ डेस्कमा अनिवार्य रुपमा ज्वरो जाँच्ने व्यवस्था | |

| | | | | |
|---|---|---|---|---|
| | | | • स्वास्थ्य संस्थामा ज्वरो क्लिनिक स्थापना<br>• वडा स्तरीय सचेतनाको लागि अभियान संचालन<br>• प्रहरी चौकीहरुसँग समन्वय गरी माइकिङ्ग तथा सुचना प्रवाह<br>• एम्बुलेन्स सेवा परिचालन | |
| १७ | | | **कोभिड आय व्यय**<br>कोभिड-१९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा २०७७।७८ प्राप्त रकम र खर्च सम्बन्धी बिबरण यस प्रकार छः | |

| प्राप्ति | रकम | खर्च | रकम |
|---|---|---|---|
| प्रदेश संचित कोषबाट | ३६९६२२ | राहत वितरण | |
| स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन | २९०६९४० | क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन | १५४५०१५ |
| संघीय कोभिड कोषबाट | १५००००० | आइसोलेसन केन्द्र निर्माण व्यवस्थापन | |
| अन्य स्रोतबाट प्राप्त | ८००००० | जनशक्ति परिचालन | |
| | | औषधि एवं स्वास्थ्य उपकरण तथा सामाग्री खरिद | १८७६२८३ |
| | | स्वास्थ्य पूर्वाधार निर्माण | ५३३९४५ |
| | | अन्य शीर्षकमा भएको खर्च | ३९५३६४ |
| | | बाँकी | १२२५९५५ |
| जम्मा | ५५७६५६२ | जम्मा | ५५७६५६२ |

| | | | | |
|---|---|---|---|---|
| १८ | | | **पदाधिकारी थप सुविधा**<br>बागमती प्रदेश अन्तर्गत स्थानीय तहका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेकोऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ३ (क) (१) मा स्थानीय तहका पदाधिकारीहरुले अनूसूची १ मा उल्लेख भएका सूविधा मात्र पाउने उल्लेख छ । साथै सोही ऐनको दफा १२ ले पदाधिकारी, सदस्य तथा सभाका सदस्यको लागि कुनै सुविधा निर्धारण गर्नुपर्दा यस ऐनमा तोकीएको सुविधालाई अधिकतम् मानेर आफ्नो अधिकार क्षेत्र भित्र रहेर आर्थिक स्रोत तथा क्षमताका आधारमा निर्धारण गर्न सक्ने व्यवस्था गरेको छ ।पालिकाले पालिकाका ६ जना कार्यपालिका सदस्यहरुलाई प्रति महिना रु ४०००। का दरले टेलिफोन मोबाइल र सवारी साधन खर्च वापत १२ महिनाको रु २८८०००। भुक्तानी गरेको छ । यसरी पदाधिकारी सुविधा सम्बन्धी ऐनमा उल्लेख भएको सुविधा बाहेक कार्यपालिकाको निर्णय अनुसार थप सुविधा प्रदान भएको हुँदा कार्यालयलाई थप व्ययभार पर्ने गएको देखिन्छ । | |
| १९ | | | **शैक्षिक अवस्था** | |

| | | | | | |
|---|---|---|---|---|---|
| १९.१ | | | स्थानीय तह संचालन ऐन २०७४ अनुसार प्रमूख प्रशासिकय अधिकृतले आफू मातहत रहेका इकाईहरुको खर्च मितव्ययी तथा पारदर्थि बनाउन प्रत्येक शाखाबाट आवस्यक कागजात तयार गर्न लगाई सोहि अनुरुपखर्च गर्नु तथा गर्न लगाउने व्यवस्था रहेको छ । सोही अनुरुप पालिकाले आफु मातहत रहेको शिक्षा शाखालाई विद्यालय अधिलेख खाता तयार गर्न गलाई सोही आधारमा शिक्षकको तलव भत्ता माग फारम ठिक छ वा छैन एकिन गरी रकम निकासा गर्ने तर्फ पहलि कदम चाल्नुपर्दछ । | | |
| १९.२ | | | स्थानीय तहले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्नको लागि शैक्षिक गुणस्तरको मापन मापदण्ड सम्वन्धि कार्यविधि तयार गरी लागु पर्ने व्यवस्था रहेको छ । पालिकाले यस सम्वन्धमा कार्यविधि तयार गरी सार्वजनिक शैक्षिक संस्था को गुणस्तर सुधार गर्नुपर्दछ । | | |
| १९.३ | | | कार्यक्रम कार्यान्वियन पुस्तिका २०७७।०७८ अनुसार सार्वजिनक निकायले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम तर्जुमा गरी सोहि बमोजिम विद्यालय छनौट गर्ने र आवस्यकताको आधारमा अनुदान रकम उपलव्ध गराई सो को प्रभावकारी रुपमा कार्यान्वियन भए । नभएको एकिन गर्नुपर्ने व्यवस्था गरेको छ । पालिका नितिगत व्यवस्था अनुरुप विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम तर्जुमा गरेको पाएन । जसको कारण अनुदान रकम सम्वन्धित विद्यालयलाई समानुपातिक रुपमा आवस्यकताको आधारमा नभई तोकको आधारमा वितरण गरेको देखियो। यस प्रकारको कार्यमा सुधार गरी भौतिक पूर्वधार विकास अनुदान वितरण कार्यलाई प्रभावकारी बनाउनुपर्दछ । | | |
| १९.४ | | | निजी विद्यालय व्यवस्थापन गर्न तथा मितव्ययी तवरले शुल्क निर्धारण गरी शैक्षिक गुणस्तर सुधार गर्नको लागि सार्वजनिक निकायले निजी विद्यालय व्यवस्थापन र अनुगमन सम्वन्धि निर्देशिका तयार गरी सोहि बमोजिम विद्यालयको शुल्क तया अन्य मापदण्ड निर्धारण गर्ने र मापदण्ड बमोजिम कार्य गरे नगरेको सम्वन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेकोमा सो गरेको पाईएन । संविधान प्रदत अधिकारको उपयोग गरी स्थानीय तहले आफु मातहत रहेका निकायका शैक्षिक गुणस्तर सुधार गर्न नितीगत व्यवस्था गरी सो पालना गर्न लगाउनुपर्दछ । | | |
| १९.५ | | | सार्वजनिक निकायले संघिय सरकारबाट प्राप्त शसर्त अनुदानबाट विभिन्न विद्यालयलाई विभिन्न शिर्षकमा अनुदान भुक्तानी गरी खर्च लेख्दा सो वितरित अनुदानको सहि सदुपयोग भएर नभएको एकिन गर्न प्रति विद्यार्थी उपलव्धि तथा लागत अनुमान सुचक ततार गरी गर्न लगाई सो को अनुगमन गर्नु पर्ने व्यवस्था रहेकोमा पालिकाबाट सो सुचक तयार गर्न लगाएको देखिएन । जसबाट अनुदान वितरणको प्रभावकारिता मूल्याङ्कन गर्न गाह्रो भएकाले आगमी दिनमा पालिकाले सो सुचक तयार गर्न लगाउन पर्दछ । | | |
| १९.६ | | | सार्वजनिक निकायले संघिय सरकारबाट प्राप्त शसर्त अनुदानबाट विभिन्न विद्यालयलाई विभिन्न शिर्षकमा अनुदान भुक्तानी गरी खर्च लेख्दा सो वितरित अनुदानको सहि सदुपयोग भएर नभएको एकिन गर्न प्रति विद्यार्थी उपलव्धि तथा लागत अनुमान सुचक ततार गरी गर्न लगाई सो को अनुगमन गर्नु पर्ने व्यवस्था रहेकोमा पालिकाबाट सो सुचक तयार गर्न लगाएको देखिएन । जसबाट अनुदान वितरणको प्रभावकारिता मूल्याङ्कन गर्न गाह्रो भएकाले आगमी दिनमा पालिकाले सो सुचक तयार गर्न लगाउन पर्दछ । | | |
| २० | | | **पर्व खर्च** | | |

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय तहले महोत्सव तथा अन्य खर्च भुक्तानी गर्दा सम्बन्धित संस्थाले कानूनी व्यवस्था गरेरमात्र मितव्ययी तवरले विभिन्न संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा पक्ष लाई आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेकोमा पालिकाले त्यस सम्वन्धि कानूनी व्यवस्था गरेको भएतापनि यस कानून अनुसार मितव्ययी तवरले उक्त कार्य नभएको हुदा आगामी दिनमा यस प्रकारको कार्यमा सुधार हुनुपर्दछ । | |
| २१ | | | **खरिद का विभिन्न पक्ष** | |
| २१.१ | | | पालिकाले उपभोक्ता समितिबाट गराएका काममध्ये लेखापरीक्षणको क्रममा छनौट गरी परीक्षणगर्दा सार्बजनिक खरीद ऐन,२०६३ को दफा ४४ मा उल्लेख भएका विषय स्पष्ट नगरेको , सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ विपरित जटिल प्राविधिक पक्ष समावेश हुने कार्य समेत उपभोक्ता समिति मार्फत गराउने गरेको, योजनाको भुक्तानीमा संलग्न गरिएका अधिकांशविल भरपाई प्रमाणित नगरेको , विवरण पूर्ण रुपमा नभरिएको, सहि छाप नभएको अवस्था देखिएको छ। तसर्थ विवरण राख्ने कार्यमा सुधार हुनुपर्दछ । | |
| २१.२ | | | १) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ अनुसार सार्वजनिक निकायलेय सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गरे पश्यात त्रुटि सच्चाउने अवधि पश्यात कार्यसम्पन्न प्रतिवेदन तयार गरी सो को आधारमा भुक्तानी दिनुपर्नेमा सो गरेको नपाएकोले नियमानुसार कार्यस्वीकार प्रतिवेदन तयार गरी त्रुटि सच्चाउने अवधि पश्यात कार्यसम्पन् प्रतिवेदन पेश गर्न वा गर्न लगाउनुपर्दछ । २)सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्शा पेश गर्ने व्यवस्था रहेकोमा सो गरेको देखिएन । | |
| २१.३ | | | सार्वजनिक खरिद नियमावली २०६४ अनुसार खरिद सम्झौता बमोजिम आपूर्ति भएका सामाग्री तथा निर्माण कार्यमा प्रयोग हुने सामाग्रीको गुणस्तर परिक्षण गर्नुपर्नेमा अधिकांश खरिदमा गुणस्तर परिक्षण भएको नदेखिएकाले आगामि दिनमा गुणस्तर परिक्षण पश्यात खरिद कार्य सम्पन्न गर्नुपर्दछ । | |
| २१.४ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सवै योजनामा प्रभावकारी रुपमा सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई कार्यलाई लागु गर्नुपर्दछ । | |
| २२ | | | **पेश्की सम्वन्धि विविध व्यवस्था** | |
| २२.१ | | | आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० बमोजिम खरिद सम्झौता अनुसार आपूर्तिकर्ता, सेवा प्रदायक वा निर्माण व्यवसायीलाई पेश्की दिदा र पेश्की फछ्र्यौट गर्दा नियमावली अनुसार समयमै फछ्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले पेश गरेको विवरण अनुसार कतिपय पेश्की फर्छयौट गर्दा समय सिमा भन्दा पछि फर्छयौट गरेको देखिएको हुदा समयमै पेश्की फर्छयौट गर्नुपर्दछ । | |
| २२.२ | | | आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४९ बमोजिम सामान खरिदका लागि पेश्की भुक्तानी गर्दा पेश्की भुक्तानी गरी सामान खरिद गर्दा प्रचलित कानून बमोजिम खरिद गर्न सक्ने अवस्था भए। नभएको कुरा यकीन गरेर मात्र पेश्की दिनुपर्ने व्यवस्था रहेको छ । कतिपय निर्माण कार्यमा | |

<table>
<tr><td></td><td></td><td></td><td>पेश्कीको ग्यारेन्टी नभएको साथै भएको पनि बैंक भेरिभिकेसन गर्नुपर्नेमा अवस्थामा समेत निर्माण कार्य भएको हुदा पालिकाले यस प्रकारको कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२२.३</td><td></td><td></td><td>भम्रण खर्च नियमावली २०६४ अनुसार सार्वजनिक निकायले भम्रण अभिलेख गर्ने र भम्रण गरिसकेपछि आवस्यक प्रमाण कागजात सहित भम्रण अभिलेख समेत पेश गरी भम्रण बापतको रकम भुक्तानी दिनुपर्नेमा सो गरेको देखिएन । आगमी दिनमा भम्रण अभिलेख राखी भम्रण प्रतिवेदन दिए पश्चातमात्र भम्रण बापतको रकम भुक्तानी गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२२.४</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा सरकारी कामकाजको लागि दिएको पेश्की सोही आर्थिक वर्ष फर्छ्यौट् हुन नसकेमा कार्यालय प्रमुखले पेश्की लिने पक्षको आवश्यक विवरण उल्लेख गरी पेश्की बाँकीको विवरण प्रमाणित गरी राख्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको विवरण अनुसार यस आ.व.मा म्याद ननाघेको पेश्की रु १०००००० र म्याद नाघेको रु ३९०००० गरी कुल रु १३९०००० पेश्की फर्छ्यौट गर्न बाँकी देखिन्छ । पेश्की फर्छ्यौट् नियमानुसार समयमै गर्नुपर्दछ। म्याद नाघेको पेश्की रु.
<table>
<tr><td rowspan="2">सि.नं.</td><td rowspan="2">पेश्कीको विवरण</td><td rowspan="2">पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम</td><td colspan="3">चालु आ. व.</td></tr>
<tr><td>म्याद ननाघेको</td><td>पेश्की फर्छ्यौट गर्नुपर्ने अन्तिम मिति</td><td>म्याद नाघेको</td></tr>
<tr><td>१</td><td>कृषि भिलेज प्रोफाइल</td><td>लिखु एग्रिकल्चर नेपाल प्रा ली</td><td></td><td>०८/२९/२०७७</td><td>१२००००</td></tr>
<tr><td>२</td><td>स्वास्थ्य विन्दु</td><td>नेत्र कुमारी पाठक</td><td></td><td>०८/०३/२०७७</td><td>५०,०००</td></tr>
<tr><td>३</td><td>वडा कार्यालय व्यवस्थापन तथा भैपरी आउने खर्च</td><td>आशिष थापा</td><td></td><td>०८/०४/२०७७</td><td>७०,०००</td></tr>
<tr><td>४</td><td>स्वास्थ्य विन्दु</td><td>अमर कुमारी आले</td><td></td><td>०२/२७/२०७८</td><td>१५००००</td></tr>
<tr><td>५</td><td>स्थानिय तहमा मिनि डिजिटल मोवाइल माटो ल्याव स्थापना तथा परिक्षण कार्य संचालनको लागि सशर्त अनुदान</td><td>विष्णु श्रेष्ठ</td><td>५०००००</td><td>०४/२७/२०७८</td><td></td></tr>
<tr><td>६</td><td>माटो परिक्षण तथा किट खरिद</td><td>विष्णु श्रेष्ठ</td><td>५०००००</td><td>०४/२७/२०७८</td><td></td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१०००००००</td><td></td><td>३९००००</td></tr>
</table>
</td><td>३९०,०००</td></tr>
<tr><td>२३</td><td></td><td></td><td>सफ्टवेयर रसिदबाट आम्दानी</td><td></td></tr>
</table>

यस आर्थिक वर्ष २०७७।७८ मा सफ्टवेयर रसिद मार्फत भुमि तथा मालपोत कर, व्यवसाय कर, सिफारिस दस्तुर वापत रु ५२६२२२१। आम्दानी गरेको छ ।

| वडा नं. | आम्दानी रकम |
|---|---|
| १ | ३४२४६७ |
| २ | ३३०६९५ |
| ३ | ४९२९९१ |
| ४ | ५५७०३८ |
| ५ | ६४२२४३ |
| ६ | ४३९७०५ |
| ७ | ३१७०६४ |
| पालिका | २१४००१८ |
| जम्मा | ५२६२२२१ |

२४

**राजस्व अभिलेख तथा राजस्व परामर्श समिति**

क) नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचा मा वित्तिय विवरण सम्वन्धी आवश्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। गाउँपालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्वको सम्बन्धित आय शिर्षक जनाइ अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म ले प फारम नं. 212 राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र मलेप फा नं 213 को राजश्व अम्दानी बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन जसले गर्दा रसिदगत र शीर्षकगत आम्दानी भिडान गर्न सकिएन । अत नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ।

ख) स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा राजश्व परामर्श को लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ। उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्बन्धि आवश्यक कानूनको तर्जुमा संशोधन- परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्बन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु गर्नुपर्ने उल्लेख छ। राजश्व परामर्श समितिको बैठक बसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण सहित राजश्वको अनुमान गरेको पाइएन । अत नियमानुसार आफ्नो कार्य प्रभावकारी रुपमा पुरा गर्नुपर्दछ।

२५

**राजस्व अनुमान तथा प्राप्ती**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५४ अनुसार स्थानीय तहले आफ्नो क्षेत्र भित्र कानून अनुसार कर लगाउने तथा असुल गर्नसक्ने व्यवस्था रहेको छ । जस अनुसार गाउँपालिकाले यस वर्ष विभिन्न शिर्षकमा रु. ५२ लाख ६२ हजार आम्दानी गरेको देखिन्छ ।

| विवरण | अनुमानित बजेट | प्राप्त रकम रु. |
|---|---|---|
| ११३१४ भुमिकर/मालपोत | ३५०००० | ६९५९३४ |
| ११३२२ वहाल विटौरी कर | १८००००० | ० |
| ११६९१ अन्य कर | ४१४०००० | ४५६६२८७ |
| १४२४२ नक्सापास दस्तुर | २००००० | ० |
| १४२४३ सिफारिश दस्तुर | १०००००० | ० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | १००००० | ० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ४००००० | ० |
| जम्मा | ७९९००००. | ५२६२२२१ |

पालिकाले तयार गरेको विवरण अनुसार पालिकाले यस वर्ष ७९ लाख ९० हजार राजश्व संकलन गर्ने लक्ष्य लिएकोमा रु ५२ लाख ६२ हजार राजश्व संकलन गरेको देखिन्छ ।अझै पनि विभिन्न करको दायरामा बढवा गरी राजश्व संकलन कार्यमा बृद्धि गर्नुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| २६ | | | **दाखिला गरेको प्रमाण**<br>ठेक्का नं २ को लागि न्यूनतम कबोल अंक ३५ लाख राखी बोलपत्र आव्हान गरिएकोमा एक मात्र प्रस्तावदाता कम्पनि इनोभेटि इन्जिनियरिङ्ग प्रा लि ले रु ३५ लाख १ हजारमा कबोल गरी उक्त कम्पनीले सम्झौताको बखत ४० प्रतिशत रकम बैक जम्मा गरेको भौचर र बाँकी रकम खाम्ने कार्यसम्पादन जमानत सहित उपस्थिति हुने पत्रानुसार गरी सम्झौता गर्न पत्राचार गरेकोमा सम्वन्धित पार्टि सम्झौता गर्न नआएको हुदा सम्झौता भएको छैन । पालिकाले सम्झौता नगरिकनै सम्वन्धित पार्टिलाई नदिजन्य पदार्थ उत्खन्न गर्न दिएको छ । सम्वन्धित पार्टिले विभिन्न मिति गरी रु ३३ लाख ४०० रुपैया गाँउपालिकाको खाता जम्मा गरेको देखिन्छ । बाँकी रकम रु २००६०० दाखिला गर्न लगाई हालसम्म कति परिमाण उत्खन्न भएको हो सो को अनुगमन गरी बढी उत्खन्न गरेको परिमाण रकम असुल गरी दाखिला गर्नुपर्दछ ।बाँकी रकम रु २००६०० र भ्याट बापत को रकम रु ४५५१३० को दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु | ६५५,७३० |
| २७ | | | **कार्यक्रम संचालन खर्च**<br>अर्थ मन्त्रालय द्धारा जारी कार्य संचालन निर्देशिका २०७५ को सातौ संशोधनको बुदा नं. ७ अनुसार संघीय अनुदानवाट संचालित २ दिन सम्म स्वचालिन हुने कार्याक्रमको लागि सार्वजनिक यातायातको सुविधा भएको ठाउँमा गाडीको न्यूनतम भाडा, गाडीको सुविधा नभएको ठाउँमा एकमुष्ठ २००/- का दरले दिने व्यवस्था रहेको छ । साथै उक्त कार्यक्रममा सहभागी भएको सहधागीलाइ दैनिक 700/- का दरले सहभागी खर्च दिने र स्थानीय तहमा संचालन गरेको कार्यक्रमको आन्तरिक प्रशिक्षकलाई कार्यपत्र तयार गरेबापत प्रति कक्षा रु ७०० का दरले रकम दिने व्यवस्था रहेको छ। पालिकाले निम्नानुसारको कार्यक्रम संचालन गरेको भनि नम्स भन्दा वढी दरमा भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रकम रु. | ४७,५०० |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>गो भौ नं र मिति</td><td>कार्यक्रमको नाम</td><td>यातायात बापत भुक्तानी दिन र दर</td><td>सहभागी दिन र दर</td><td>अन्य भुक्तानी</td><td>प्रशिक्षक लाई भुक्तानी</td><td>बढी भुक्तानी</td></tr>
<tr><td>१४४। ०७८।३। ३०</td><td>पालिका स्तरीय सुचना संकलन</td><td>७ जनालाई रु ५०० का दरले २ दिनको भुक्तानी</td><td>७ जनालाई रु १००० का दरले २ को सहभागीको भत्ता वितरण</td><td></td><td></td><td>८०००</td></tr>
<tr><td></td><td>श्रावण ८ गते संचालन गरेको कार्यक्रम</td><td></td><td>११ जनालाई रु १००० का दरले सहभागी भत्ता बापत भुक्तानी</td><td></td><td></td><td>३३००</td></tr>
<tr><td>१४४। ०७८।३। ३०</td><td>पौष १ र वैशाख ९ गते संचालन गरेको उपचार केन्द्रको कार्यक्रम</td><td>४ लाई ७०० का दरले २ पटक यातायात खर्च बापत भुक्तानी</td><td>४ जनालाई रु १५०० का दरले २ पटकको सहभागी भत्ता भुक्तानी</td><td>९ जनाले अनुगमन गरेको भनी रु २२५०० भुक्तानी</td><td></td><td>३२९००</td></tr>
<tr><td></td><td>समुदायमा आधारित आ एम सि आइ कार्यक्रम बैशाख २१ गते</td><td>११ जनालाई ५०० का दरले भुक्तानी</td><td></td><td></td><td></td><td>३३००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>२८</td>
<td></td>
<td></td>
<td>दहत्तर बहत्तर<br>पालिकाले आफु मातहतको नदिजन्य पदार्थ निकासी तथा पैठारी को ठेक्का प्रकृयाको लगि न्यूनतम लागत अनुमान तयार गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको आधारमा उत्खन्न गर्न सकिने परिमाणको ५० प्रतिशत बरावरको परिमाणमा प्रदेश सरकारले तोकेको रकम प्रति घन फिट रु ९ का दरले गुणन गरी लागत अनुमान तयार गर्नुपर्नेमा कार्यालयले अघिल्लो बर्ष पटक पटक ठेक्का सुचना आव्हान गरेको र कुनै पनि विन्दुमा ठेक्का नपरेको भनी गाँउसभाबाट निर्णय गरी ठेक्का नं १ को लागि रु ३० लाख , ठेक्का नं २ को लागि रु ३५ लाख र ठेक्का नं ३ को लागि ३५ लाख न्यूनतम कबोल अंक राखी मिति २०७७।५।२४ मा सुचना प्रकाशन गरेकोमा निम्नानुसारको व्यहोरा देखियो । ३ वटा विन्दुको छुट्टा छुट्टै लागत अनुमान तयार गरी सोही अनुसारको ठेक्का आव्हान गरेकोमा निम्नानुसारको व्यहोरा देखियो ।<br>क) ठेक्का नं १ लाई न्यूनतम कवोल अंक बराबर को रकम कवोल गर्ने आ र एण्ड जि कन्टेरक्सन ले रु ३० लाख कवोल गरेकोमा सवै रकम समयैमा दाखिला गरेको हुदा नियमानुसार नेपाल सरकारलाई भ्याट रकम रु ३९०००० भुक्तान गरेको प्रमाण पेश गर्नुपर्ने रु</td>
<td>३९०,०००</td>
</tr>
<tr>
<td>२९</td>
<td></td>
<td></td>
<td>कर असुली<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले यसबर्ष व्यवसाय कर वापत कुनै पनि रकम असुल गरी दाखिला गरिएको देखिएन। गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अद्यावधिक गरेको छैन । गाउँपालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।</td>
<td></td>
</tr>
<tr>
<td>३०</td>
<td>७</td>
<td>२०७८-३-१६</td>
<td>खरिद</td>
<td>९७०,०००</td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ मा २० लाख सम्म लागत अनुमान भएको निर्माण कार्यको खरिद गर्दा शिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले अधिकारी गाँउ कालिमाटी लागङ्ली छापथोक धारापानी खानेपानी आयोजनाको सोलार जडानको कार्य उपभोक्ता समितिलाई दिई उपभोक्ता समितिले सोलार जडान गरेको भनी अल्टा इनर्जि तथा खानेपानी सोलुसनबाट लाई रु ९७०००० भुक्तानी दिएको छ । खरिद नियमावली अनुसार शिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद कार्य गर्नुपर्नेमा सोझै खरिद गरि भुक्तानी दिएको हुदा अनियमति भएको रु | |
| ३१ | | | **नर्सरी व्यवस्थापन**<br>पालिकाले नर्सरी व्यवस्थापनको लगि बजेट विनियोजन गरेको मा कृषिको विरुवा खरिद गरेको भनी गो भौ नं ५८८।०७८।३।३० बाट रु ३९०९२० खर्च भएको श्रेष्ताको परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।<br><br>क) घाँसको विउ खरिद गरेको भनी भुक्तानी भएको श्रेष्तामा मा धान तथा मकैको विउ खरिद गरेकोमा ढुवानी बापत विष्णु श्रेष्ठलाई रु ६१२०० भुक्तानी भएको छ । फरक कार्यमा भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु<br><br>ख) सार्वजनिक खरिद नियमावली २०६३ लागत अनुमान तयार गरी खरिद गर्नुपर्ने व्यवस्था रहेकोमा बछौला नर्सरीबाट रु २४२००० र गोरस पशु विकास फर्मबाट रु १५८०१५ को विरुवा खरिद गरेको भनी विना लागत अनुमान घाँसको विउ खरिद गरेको भनी मायाराम सिलवाललाई कुल रु ३२०७२० भुक्तानी भएको मा कुन कुन जातको कति थरीको विरुवा खरिद गरिएको हो , सो खरिद गरिएको विरुवा कँहा कँहा रोषण गरिएको हो सो प्रमाण बेगर विल पेश गरेको आधारमा भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु | ३९०,९२० |
| ३२ | | | **हुलाक भन्ज्याङ्ग सडक निर्माण**<br>हुलाक भंज्याङ्ग बुङ्गकोटघाट बाङ्गेरह सडक स्तरउन्नती कार्यको लागि पालिकाले रु ८७ लाख ४५ हजारको लागत अनुमान तयार गरी ठेक्का आव्हान गरेको मा सवैभन्दा बढी रु ५० लाख ९७ हजार कवोल गर्ने गौरव कन्ट्रक्सनले सम्झौता गर्न नआएको कारण उक्त निर्माण व्यवसायीले राखेको विड बन्ड बापतको रु २ लाख ५० धरौटी जफत गरी दोस्रो कम कवोल गर्ने एस एण्ड कन्ट्रक्सन धादिङ्ग ले प्रथम विड वनर भन्दा रु ७ लाख बढी रकमलाई सारभुत रुपमा प्रभावकारी ठानी सम्झौता गरेको छ । कार्य प्रगतिको आधारमा गो भौ नं ३३१।०७८।२।२७ बाट रु २४९९७८५ र गो भौ नं ५५८।०७८।३।३० बाट रु ४४२४३४८ भुक्तानी भएको श्रेष्ता को परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।<br><br>क) प्रथम विड विनरले सम्झौता नगरेको कारण पालिकालाई रु ७ लाख थप व्ययभार परेको हुदा उक्त विड विनर गौरव कन्ट्रक्सनलाई कालो सुचिमा राख्नको लागि पि पि एम ओ कार्यालयमा सिफारिस गर्नुपर्नेमा सो गरेको नदेखिएको हुदा कालोसुचिमा राख्नको लागि सिफारिस गरेको पत्र पेश गर्नुपर्ने रु | ७००,००० |
| ३३ | १६ | २०७८-३-३० | **थापर खोला निर्माण उ स**<br>पालिकाले थापरखोला मुलहुने गरी बाबा गाँउ टारीपाखा थुन्का खरी गाँउ निर्माण कार्यको लागि गो भौ नं १६।०७८।३।३० रु १९४०००० भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।<br><br>क) सार्वजनिक खरिद नियमावली २०६४ अनुसार पालिकाले स्वीकृत जिल्ला दररेट अनुसार सामान खरिद गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेकोमा पालिकाले निम्नानुसारको सामान खरिद को जिल्ला दररेट भन्दा बढी मुल्य मा खरिद गरेको हुदा जिल्ला दररेट भन्दा बढी दरमा भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु | ८४,०५३ |

| कार्यक्रमको नाम | भुक्तानी भएको आइटम | स्वीकृत जिल्ला दर रेट | भुक्तानी भएको दर | बढी भुक्तानी |
|---|---|---|---|---|
| थापर खोला मुलहुने गरी बाबा गाँउ टारीखेत खानेपानी योजना | ४० एम एम को पाइप ७४ रन मि | ६५ | ९१ | ४१३४ |
| | १० पि एन को ४० एम एमको ७५३ मि | १३३ | १४० | ५२७१ |
| | गेट १।२५ को ३ वटा | २५२२ | २६५० | ३८४ |
| | गेट १।५ को ८ वटा | ३१७७ | ३३३५ | १२६४ |
| | ३ इन्चको गेट ६ | १३००० | १३६५० | ३९०० |

ख) ट्रान्सपोर्ट बापत एकमुष्ट रुपमा रु ६०००० भुक्तानी दिएको सदरमुकामबाट १२ कि मि टाढा रहेको स्थानमा ढुवानी बापत भुक्तानी दिएको रकम बढी भएको हुदा असुल गरी दाखिला गर्नुपर्ने रु

ग) कार्यसम्पन्न प्रतिवेदन तयार गर्दा ढुवानीमा समेट भ्याट रकम जोडि भुक्तानी भएको रु ९१०० असुल गरी दाखिला गर्नुपर्ने रु

३४ **हेवी इक्युपमेन्ट प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| गो भौ नं र मिति | योजनाको नाम | उ सको ना | भुक्तानी रकम |
|---|---|---|---|
| ५९०।०७८।३।३० | हुलाक भन्याङ्ग कुङ्गमोटार सडक स्तरोउन्नती | हुलाक भंज्याङ्ग निर्माण उ स | १८१५००० |
| ५७२।०७८।३।३० | गुरुङ्गडाँडा तिदुबोटे मुहाने चौतारा कृषि सडक | गुरुङ्गडाँडा तिदुबोटे मुहाने चौतारा कृषि सडक निर्माण उ स | २५०००० |
| ५४८।०७८।३।३० | आरुवो नँया विरौटा सडक निर्माण कार्य | आरुवो नँया विरौटा सडक निर्माण कार्य | १३७७६५ |
| ५६८।०७८।३।३० | एक्लोपिपल सातदोवाटो समिभंन्याङ्ग सडक स्तरोउन्नती | पाल्पा भंज्याङ्ग ढोला मैदी पिपलटार ग्राभेल उस | ६५३२३१ |
| ५४०।०७८।३।३९ | देउराली छाँपगाँउ रानी चौतारा सडक स्तरोउन्नती | देउराली छाँपगाँउ रानी चौतारा सडक स्तरोउन्नती उ स | १९४००० |
| ५२७।०७८।३।२९ | झाप्रे पहरे लिफ्ट खानेपानी तथा कार्यक्रम | खानेपानी निर्माण उ स | १७३५२४९ |
| | | | ४७८५२३६ |

३५

**पूँजिगत शिर्षकबाट चालू खर्च**

१,५६०,१००

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३७ पूँजिगत शिर्षकबाट चालू प्रकृतिको कार्यमा खर्च गर्न नहुने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको पूँजिगत शिर्षकमा विनियोजन भएको रकमबाट चालु प्रकृतिको कार्यमा खर्च गरी अनियमित भएको रु

| गो भौ नं र मिति | विनियोजन शिर्षक | खर्च गरेको विवरण | रकम |
|---|---|---|---|
| ५०।०७७।९।२९ | तरकारी विउ खरिद | धानको विउ खरिद गरेको | ७०१०० |
| ३२९।०७८।२।२६ | तरकारी तथा फलफुल विउ खरिद | धानको विउ खरिद | १०००००० |
| ५६३।०७८।३।३० | नर्सरी व्यवस्थापन | मसलाजन्य विरुवा खरिद गरेको | १००००० |
| ५८२।०७८।३।३० | नर्सरी व्यवस्थापन | धानको विउ खरिद गरी विवरण गरेको | ३९०००० |
| | | | १५६०१०० |

३६

**प्रधान मन्त्री रोजगार कार्यक्रम**

प्रधानमन्त्रि कृषि आधुनिक परियोजना संचालन म्यानुल अनुसार स्थानिय तहले निर्माण कार्यको सामाग्री खरिद गरी उक्त कार्यको ज्याला रु ५१७ का दरले सुचिकृत १०० जना बेरोजगारलाई १०० दिन सम्म रोजगारी दिने मुल लक्ष्य सहित रु ८६ लाख ८६ हजार विनियोजन भएकोमा ४० वटा योजना संचालन गरी १४९६ जना वेरोजार सुचिकृत भएको अवस्थामा २७९ जनाले रोजगारीमा संलग्न भई रु ३६ लाख १९ हजार ज्याला वितरण गरिएको अन्य खर्च सहित कुल रु ४६ लाख खर्च भएको छ । पालिकाले तयार गरेको लागत अनुमानमा सामान सहितको लागत अनुमानमा सामान खरिद गर्न वडाबाट रकम विनियोजन गर्ने भनी वडा भाग तोकिएकोमा बजेट बर्गिकरण हेर्दा वडा नं ४ र ७ ले मात्र ५ लाख र ३ लाख विनियोजन गरेको देखिन्छ । यसरी वडा ले विनियोजन गरेको बजेट बाट सामाग्री खरिद नगरी योजना नै निर्माण गरेको देखिन्छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन गर्दा संचालन गर्दा अधिकांश योजनामा पि सि सि र रुवल मसिनरीको कार्य रहेको हुदा निर्माण कार्यमा प्रयोग हुने सिनेन्ट ,

| | | | | |
|---|---|---|---|---|
| | | | ढुङ्गा र बालुवा पालिकाले व्यहोर्ने भनी लागत अनुमात तयार गरेकोमा पालिकाबाट सामान खरिदमा कुनै पनि बजेट विनियोजन नभइ सवै संघीय बजेटबाट खर्च लेखिएकोमा पालिकाले छानविन गरी सामाग्री बापतको रकम केन्द्रिय संचित कोषमा फिर्ता पठाउनुपर्दछ । | |
| ३७ | | | **स्थानीय दररेट निर्धारण**<br>सार्वजनिक खरिद नियमावली २०६३ अनुसार सार्वजनिक निकायले स्वीकृत जिल्ला दररेटको आधारमा लागत अनुमान तयार गरी भुक्तानी दिनुपर्ने व्यवस्था गरेको छ । साथै स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय तहले स्थानीय दररेट तयार गरी लागु गर्न सक्ने व्यवस्था गरेको छ । पालिकाले स्थानीय तहमा प्राप्त हुने स्थानीय स्रोत साधनको सोही अनुसारको र जिल्ला सदुरमुकामबाट आयात गर्नुपर्ने बस्तुको लागि सोहि अनुसारको बैज्ञानिक तवरले ढुवानी बापतको रकम जोडि स्थानीय दररेट कायम गर्नुपर्ने र दक्ष र अदक्ष जनशक्ति भने जिल्ला दररेटको आधारमा हुनुपर्नेमा पालिकाले जिल्ला दररेट भन्दा दक्ष जनशक्तिमा रु ७० र अदक्ष्य जनशक्तिमा रु ५० बढी राखी स्थानीय दररेट तयार गरेको कारण निर्माण कार्यको लागत बढ्न गएको छ । जिल्ला सदरमुकाम भन्दा १२ किलोमिटर मात्र टाढा रहेको र पक्की बाटोको सुविधाले जोडिएको पालिकामा सदरमुकाम भन्दा दुरदराजमा रहेको पालिका भन्दा यस पालिकाको दर रेट भएको कारण निर्माण मितव्ययी नभएको हुदा पालिका बैज्ञानिक रुपमा स्थानीय दररेट तयार गरी निर्माण कार्यलाई मितव्ययी बनाउनुपर्दछ । | |
| ३८ | १२ | २०७८-३-१५ | **फलफुल तथा तरकारी संकलन निर्माण केन्द्र निर्माण**<br>स्थानीय तह सहकारी समूह निजि क्षेत्रको सहकार्यमा तरकारी तथा फलफुल संकलन केन्द्र निर्माण कार्यको लागि रु १०७९३५१ को लागत अनुमान तयार गरी मिति २०७८।३।२५ मा निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०७८।३।७ मा कृषि उपज संकलन केन्द्र निर्माण उ स सँग सम्झौता गरेको छ । श्रेष्तासाथ पेश भएको प्रमाण कागजात र फोटो को अध्ययन गर्दा निम्नानुसारको व्होरा देखियो ।<br>क) कार्यालयले पहिले नै खनिसकेको स्थानमा एक्साभेसन बाई मेसिन भनी ६७.२० घ मी माटो कटिङ्ग गरेको भनी रु ९६.०५ का दरले भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु<br>ख) ईष्टिमेट र कार्यसम्पन्न प्रतिवेदनमा भवनको सर्ट ४ वटा वाल निर्माण गरेको भनी भुक्तानी भएको संकलन केन्द्रको फोटोमा २ वटा मात्र सर्ट वाल भएको हुदा थप २ वटा सर्ट वालमा निर्माण गरिएको भनिएको निम्नानुसारको कार्यको रकम असुल गरी दाखिला गर्नुपर्ने रु | १५५,८६४ |

| कार्य | परिमाण | स्वीकृत दर | भुक्तानी रकम |
|---|---|---|---|
| स्टोन सोलिङ्ग | ०.६१ | ३२०० | १९५२ |
| पि सि सि एम १० | ०.३२५ | १०३७७ | ३३७२ |
| पि सि सि एम १५ | ०.१५ | १२१०७ | १८१६ |
| स्टील रिइन्फोर्समेन्ट | २६ केजी | ११३ | २९३८ |
| जम्मा | | | १००७८ |

ग) सार्वजनिक खरिद नियमावली अनुसार सार्वजनिक निकायले निर्माण भएको कार्यको मापन गरी सो आधारमा तयार गरिएको नापी किताव र कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको कार्यको निर्माण नै नभएको कार्यको भुक्तानी दिएको हुदा सो रकम असुल गरी दाखिला गर्नुपर्ने रु

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>कार्य</th><th>भुक्तानी दर</th><th>भुक्तानी भएको परिमाण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>३८ एम एम को डिला सडर सालको काठ</td><td>१५०७२</td><td>१.७२</td><td>२५९३५</td></tr>
<tr><td>झ्यालको लागि सालको काठ</td><td>३.७५</td><td>१४१६३</td><td>५३११३</td></tr>
<tr><td>झ्यालमा फ्रेविकेसन</td><td>४.६२</td><td></td><td>९३९७</td></tr>
<tr><td>बाह्य भागमा पलाष्टर</td><td>३० स्का मि</td><td>३६२</td><td>१०८६०</td></tr>
<tr><td>विद्युतिय कार्य</td><td></td><td></td><td>४६४८१</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१४५७८६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>
नापी किताव<br>
सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले निर्माण कार्यको नापी जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको भुक्तानीमा नापी किताव वेगर भुक्तानी गरेकोमा आगामी दिनमा निर्माण कार्यको नापी किताव तयार गरी सो को आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था गर्नुपर्नन देखिन्छ ।
<table>
<tr><th>गो भौ नं र मिति</th><th>सामान खरिदको विवरण</th><th>सप्लायर्सको नाम</th><th>रकम</th></tr>
<tr><td>५६९।०७८।३।३०</td><td>पाइप खरिद</td><td>लक्ष्मी सेनेटरी एण्ड हार्डवेयर सप्लायर्स</td><td>२०००००</td></tr>
<tr><td>५६६।०७८।३।२०</td><td>ग्याविङ्ग जाली खरिद</td><td>प्रनिशा सप्लायर्स</td><td>१९७०००</td></tr>
<tr><td>५५२।०७८।३।३०</td><td>सोलार खरिद</td><td>पार्वति ट्रेडर्स</td><td>२४४६५२</td></tr>
<tr><td>५३०।०७८।३।२९</td><td>ह्युमपाईप खरिद</td><td></td><td>४३६५००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१०७८१५२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४०</td><td>५४४</td><td>२०७८-३-२९</td><td>
नापी किताव<br>
मदन आश्रित भवन निर्माण गर्नको लागि भदन आश्रित भवन निर्माण उपभोक्ता समितिलाई कार्यदेश दिई कार्यप्रगतिको आधारमा गो भौ नं ५४४।०७८।३।२९ बाट रु ४८५००० भुक्तानी भएको श्रेष्ताको परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।<br><br>
क) एक्साभेसन गरेको भनी म्यानूल वेस रु ७५० को आधारले लागत अनुमान तयार गरी सोही अनुसार भुक्तानी भएकोमा मेसिनको प्रयोग गरेको जस्तो तस्विर पेश गरी रु ९६ को आधारमा भुक्तानी लिएको हुदा मेसिन वेस एक्साभेसनको रेट दिनुपर्नेमा म्यानुल वेस रुपमा भुक्तानी दिई १४९ घ मी को बढी भुक्तानी भएको रु ९७४४६ असुल गरी दाखिला गर्नुपर्ने रु
</td><td>१३७,४४६</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | ख) सामान ढुवानी चार्ज गरेको भनी रु १००२३ का दरले ४ ट्रिपको रु ४००९२ ढुवानी खर्च दिएकोमा प्रमाण पेश नगरी खर्च लेखेको रु | |
| ४१ | ५३८ | २०७८-३-३० | **डोर हाजिरी**<br>सार्वजनिक खरिद नियमावली २०६४ अनुसार लागत अनुमान को आधारमा कार्य गराई सो को आधारमा तयार गरेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले शाखा मर्मत वडा नं १ मर्मत शिर्षकबाट रु २ लाख र देउराली मस्तेखोला बडहरे ढोढनी मोटरबाटो निर्माण शिर्षकबाट रु ९१००० गरी गो भौ नं ५८३।०७८।३।३० बाट रु २ लाख ९१ खर्च लेखेकोमा पालिकाको डोजर प्रयोग गरी बाटो खनेकोमा पालिकाको खातामा रु २२८७२० भुक्तानी गरेकोमा डोर हाजिर पेश गरेको आधारमा मायाराम सिलवाल रु ६१५३७ भुक्तानी भएको छ । पालिकाको डोजर प्रयोग गरी बाटो मर्मत गरेको अवस्थामा डोर हाजिरीको भरमा भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु | ६१,५३७ |
| ४२ | ४ | २०७७-१२-१२ | **कमिसन बापत को खर्च**<br>पालिकाले स्याप (SAP) सँग झोलुङ्गे पुल निर्माण गर्न प्राविधिक सहयोग गर्ने एक्सन नेपाललाई रु 56566.47 कमिसन वापतको रकम पालिका स्वयमले भुक्तानी दिने गरी धो खोला झोलुङ्गे पुल निर्माणको सम्झौता भएको छ । सम्भौता अनुसार एक्सन नेपाललाई भुक्तानी हुने कमिसन पालिकाले आफ्नै स्रोतबाट नलेखी संघिय शर्सत अनुदान बजेट शिर्षकको गो भौ नं. ४/2077/११/१२ बाट रु ५६५६६ खर्च लेखेको छ । संघिय स्रोतबाट खर्च लेखिएको रकम संघिय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु | ५६,५६६ |
| ४३ | | | **प्रतिवेदन पेश नगरेको**<br>सामाजिक सुरक्षा नियमावली २०७६ को नियम २३ (१) मा स्थानिय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताकोचौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची -६बमोजिमको ढाँचामा तयार गरी विभागतथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्ने उल्लेख छ ।उपनियम १ बमोजिम चौमासिक प्रतिवेदन पठाउंदा पहिलो चौमासिक प्रतिवेदन मंसिर ७ गतेभित्र दोस्रो चौमासिक प्रतिवेदन चैत ७ गतेभित्र र तेस्रो चौमासिक प्रतिवेदन तथा वार्षिक प्रतिवेदन अर्को आर्थिक बर्षको साउन १५ गतेभित्र विभागले तोकेबमोजिम पठाउनु पर्नेछ भन्ने व्यवस्था भएकोमा सो नियमको पालना भएको पाइएन । नियमले गरेको व्यवस्था पालनामा ध्यानदिनुपर्ने देखिन्छ । | |
| ४४ | | | **सामाजिक सुरक्षा**<br>यो आर्थिक वर्ष २०७७।०७८ मा लाभग्राहीलाई बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरिएकोमा रु १०२७९३०८४।निकासा भई रु ९९४२२०९३। खर्च भई बाँकी रकम रु ३३७०९९१। संघीय संचित कोषमा फिर्ता भएको देखियो । | |
| ४५ | १४२ | २०७८-३-३० | **रकम फिर्ता**<br>कोरोना (कोभिड १९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश २०७७ को बुदा नं ६(२) अनुसार प्रदेश तथा स्थानीय तहले कोभिड नियन्त्रण कार्यमा खटाएका जनशक्तिलाई सम्वन्धित प्रदेश सरकार तथा स्थानीय तहले नै जोखिम भत्ताको व्यवस्था गर्नुपर्दछ । पालिकाले संघीय ससर्त अनुदान शिर्षकको गो भौ नं १४२।०७८।३।३० बाट रु ८७६८२१ खर्च लेखेको छ । उल्लेखित आदेश विपरित संघीय अनुदानबाट खर्च लेखेको रकम संघीय खातामा फिर्ता गर्नुपर्ने रु<br><br>क) आय कर ऐन २०५८ को नियम ८८ र ८९ मा पटके भुक्तानीमा १५ प्रतिशतका दरले कर कट्टी गरी भुक्तानी दिनुपर्नेमा १प्रतिशत मात्र कर कट्टी गरेको हुदा आगामी दिनमा १५ प्रतिशत कर कट्टी गर्नुपर्ने देखिन्छ । | ८७६,८२१ |
| ४६ | १४५ | २०७८-३-३० | **रकम फिर्ता**<br>कोरोना (कोभिड १९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश २०७७ मा कोभिड नियन्त्रण कार्यमा खटिने कर्मचारी लाई संचार खर्च दिने व्यवस्था गरेको छैन । पालिकाले कोभिड नियन्त्रण कार्यमा खटिएको ९ कमर्चारीलाई संचार खर्च दिने निर्णय गरी ८ जना लाई रु ६००० का दर र १ जनालाई ३५०० का दरले गरी कुल रु ४७५०० गो भौ नं १४५।०७८।३। | ४७,५०० |

| | | | | |
|---|---|---|---|---|
| | | | ३० बाट भुक्तानी भएको हुदा कार्यविधि नभएको व्यवस्थालाई पालिकाले निर्णय गरी आफ्नो बजेट बाट खर्च लेख्नुपर्नेमा संघीय सशर्त बजेटबाट खर्च लेखेको रकम संघीय संचित कोषमा फिर्ता पठाउनुपर्ने रु | |
| ४७ | १३८ | २०७८-३-२८ | **कृषि पकेट कार्यक्रम**<br>कृषि पकेट कार्यक्रम संचालन निर्देशिका अनुसार स्थानीय तहले पकेट कार्यक्रम संचालन गर्दा संचालन निर्देशिकाको अनुसुचि १ बमोजिम लाभग्राही समुह छनौट गरी उनिहरुको कार्ययोजना अनुसार कार्यक्रम संचालन गरी पालिकाले कुल बजेटको ८० प्रतिशत क्षेत्र विस्तार तर्फ खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । कृषि पकेट कार्यक्रम संचालन गरेको भनी गो भौ नं १३८।०७८।३।२८ बाट पानी ट्याङ्की निर्माण गरेको भनी रु १२ लाख भुक्तानी भएकोमा पालिकाले कसरी उक्त लाभग्राही समूह छनौट गरेको हो , उक्त समूहले के कस्तो कार्ययोजना पेश गरेको हो सो को आधारमा कुन क्षेत्रको क्षेत्र विस्तारीकरणको लागि पानी ट्याङ्कि निर्माण गरिएको हो सो को व्यहोरा खुल्ने विवरण बेगर खर्च लेखेको रकम कार्यविधि भएको रु | १,२००,००० |
| ४८ | १०८ | २०७८-३-२१ | **सामाग्रीमा सहजिकरण**<br>प्रतिष्पर्धामा छनौट भएका व्यवसाय विकास केन्द्र प्रदायक संस्था मार्फत कार्यक्रम संचालन कार्यविधि अनुसार लधु उद्यम कार्यक्रम संचालन गर्दा सम्वन्धित लाभग्राही यान्त्रिकरणमा २० प्रतिशत योगदान गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सिलाई मेसिन तथा मोवाईल हट गन वितरण गरेको भनी रु ८६४३६३ वितरण गरेको मा कार्यविधि अनुसार सम्वन्धित लाभग्राहीबाट रु १७२८७२ लागत साझेदारी गर्नुपर्नेमा सो रकम असुल गरी दाखिला गर्नुपर्ने रु<br><br>क) सिलाई कार्यक्रम संचालन गर्दा तालिममा सहभागीलाई कार्यविधि विपरित यातायात खर्च बापत रु ४९५०० र मोवाईल मर्मत को तालिममा सहभागीलाई यातायात खर्च बापत रु ३१५०० गरी कुल रु ८१००० यातायात वितरण गरेको भनी खर्च लेखी लेखेको रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने रु | २५३,८७२ |
| ४९ | ५८२<br>र<br>५६३ | | **नर्सरी व्यवस्थापन**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार विल भरपाई सहित लेखा राख्ने र सो को आधारमा लेखाउत्तरदायि अधिकृतले भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले नर्सरी व्यवस्थापनमा रु १० लाख बजेट विनियोजन गरेकोमा नर्सरी व्यवस्थापनको लागी विभिन्न जातको फलफुलको विरुवा खरिद निर्यात गरेको भनी मण्डली औधोगिक तथा मसलाजन्य बालि उत्पदान कृषक समुहलाई गो भौ नै ५६३ बाट रु १ लाख र गो भौ नं ५८२ बाट रु ९ लाख गरी रु १० लाख भुक्तानी भएकोमा खरिद नियमावली अनुसार लागत अनुमान तयार गरी खरिद गर्नुपर्नेमा सोझै विरुवा प्रदान गरेको भनी भुक्तानी भएको श्रेष्ताको परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।<br><br>१) विभिन्न लाभग्राहीलाई विरुवा वितरण गरेको भरपाई पेश गरेकोमा प्राप्त विरुवा कुन कुन स्थानमा रोपण गरी नर्सरी व्यवस्थापन भएको हो सो को प्रमाण पेश गर्नुपर्ने रु<br><br>२) लागत अनुमान तयार गरी खरिद गर्नुपर्नेमा सो को लागत अनुमान को प्रमाण पेश गर्नुपर्ने रु | १,०००,००० |
| ५० | ५६७ | २०७८-३-३० | **मेडप्पा कार्यक्रम**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार विल भरपाई सहित लेखा राख्नुपर्ने सो को आधारमा लेखा उत्तरदायि अधिकृतले भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । प्रधान मन्त्री रोजगार कार्यक्रमको लागि वडा कार्यालयबाट प्रधानमन्त्री रोजगार कार्यक्रमको लागी निर्माण सामाग्रीबाट खरिद गर्ने भनी विनियोजन गरिएको बजेट बाट सामाग्री कार्यभएको भनी संघीय शसर्त अनुदानबाट कार्य गरेको भनी भुक्तानी भएको कार्यसम्पन्न प्रतिवेदनको आधारमा कार्य नगरिकनै कार्य भएको भनी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु | १९४,००० |
| ५१ | ५४० | २०७८-३-२९ | **देउराली छापागाँन सडक निर्माण** | १९४,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | पालिकाले देउराली छाँपगाँउ रानी चौतारा सडक स्तरोउन्नती को लागी देउराली छापगाउ रानी चौतारा सडक उपभोक्ता समितिलाई गो भौ नं ५४०।०७८।३।२९ बाट रु १९४००० भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।<br><br>१) ड्रेन को भाग नखनिकनै ३२ घ मि ड्रेन खनेको भनी रु ३७५ का दरले भुक्तानी गरेको रकम असुल गरी दाखिला गर्नुपर्ने रु<br><br>२) ग्रामेलिङ्ग गरेको भनी ९८.४० घ मी को रु २०६४ का दरले भुक्तानी भएकोमा अन्तिम बिल भुक्तानीको लागि पेश गरेको फोटो हेर्दा खोलाको ग्राभेल हाली बाटो नबनाई भित्ताको ढुङ्गेमाटो कटिङ्ग गरी हालेको जस्तो देखिने तस्विर पेश गरी भुक्तानी भएको निर्माण कार्यको खोलाबाट ग्राभेल हाली बाटो तयार गरको प्रमाण पेश गर्नुपर्ने रु | |
| ५२ | १५८ | २०७८-३-३० | **शिर्षक फरक**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार शिर्षक फरक पारी खर्च लेख्न नहुने व्यवस्था रहेको छ । पालिकाले कोभिढ १९ मा कार्यरत अस्थाई कर्मचारीलाई तलव भत्ता शीर्षकबाट औषधि खरिद गरी डालिमा मेडि सेल्स लाई रु ८७४००९ र औषधी ढुवानी गरेको भनी सुजन श्रेष्ठलाई भुक्तानी दिएको रु ३३२७९ गरी रु ८९३१८३ शिर्षक फरक पारी खर्च लेखी अनियमित भएको रु | ८९३,१८३ |
| ५३ | ५६८ | | **एक्ले पिपल सडक स्तरोउन्नती**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ अनुसार कार्यस्वीकार प्रतिवेदनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले गो भौ नं ५६८।०७८।३।३० बाट एक्लेपिपल सातदोबाटो समिभन्याङ्ग सडक स्तरोउन्नती कार्य गरेको भनी एक्ले पिपल सातदोबाटो निर्माण उ सलाई रु ६५३२३१ भुक्तानी भएको श्रेष्ताको परिक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन् ।<br><br>१) पालिकाको दररेट अनुसार साइड किलिरेन्सलाई रु ३० का दरले भुक्तानी दिनुपर्नेमा २४०० स्वा मि लाई रु ९६।०५ का दरले भुक्तानी दिई बढी भुक्तानी भएको रु १५९६०० असुल गरी दाखिला गर्नुपर्ने रु<br><br>२) साइड ड्रेन खनेको भनी १००० क्यू मि को रु ९६.५ का दरले भुक्तानी भएकोमा निर्माण कार्यको विल भुक्तानीको लागि पेश गरेको फोटोमा साइडको नाली नखनेको देखिएकोले ड्रेन नै नखनिकनै भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु | २५५,६०० |
| ५४ | | | **सम्पुरक खर्च** | |
| ५४.१ | | | प्रदेश सम्पुरक अनुदान सम्वन्धि कार्यविधि २०७७ को वुदा नं ३ अनुसार पालिकाले सम्पुरक योजनाको लागि अनुरोध गर्दा योजनाको बिस्तृत अध्ययन प्रतिवेदन , लागत अनमान, नक्सा तथा अन्य विस्तृत विवरण तयार गरी कुल लागत अनुमानमा ५० प्रतिशत व्यहोर्ने निर्णय गरेको पत्र सहितको प्रमाण सहितको निवेदन दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले योजना माग गर्दा नै अध्ययन गरी प्रतिवेदन पेश गरीसकेको अवस्थमा सम्पुरक बजेटबाट पुन: विस्तृत अध्ययन प्रतिवेदन तयार गरेको भनी शसाह अमराई सडक स्तरोउन्नतीको लागि ग्रिन इनोभेटिभ डेभलोपर्सलाई रु ८६०६०८ र छोरी गण्डकी धलेडाँडा लिफ्ट सिंचाई आयोजनाको विस्तृत अध्ययन गरेको भनी रिडि इनर्जि एण्ड मल्टि कन्ट्रान्क्ट नेपाल प्रा लि लाई रु ११६६७२५ गरी गो भौ नं २३४।०७७।१२।२० बाट रु २०२७३३३ खर्च लेखेको छ । कार्यविधि विपरित खर्च लेखी अनियमित भएको रु | २,०२७,३३३ |
| ५४.२ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५(१) मा संघीय संचित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्वन्धित आर्थिक वर्षभित्र खर्च नभइ जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदान , समपूरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्वन्धित प्रदेश तथा स्थानीय तहले संघीइ संचित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । जस अनुसार पालिकालाई यो बर्ष सम्पुरक शिर्षकमा | १२,७४९,६९९.५४ |

<table>
<tr><td></td><td></td><td></td><td>पालिकालाई ससाह अमराई , छोरी गण्डकी धलेडाँडा लिफ्ट सिंचाई आयोजना, एक्लेपिपल सातदोबाटो समिभंज्याङ्ग सडक, र हुलाक भंज्याङ्ग बुङ्ग कोट घाटबाँडेरह सडक निर्माणको को लागी रु २ करोड ९९ लाख ६३ प्रदेश सम्पुरक बजेट प्राप्त भई कुल रु २ करोड ३८ लाख ४७ हजार खर्च भएको श्रेष्ताको परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।<br><br>क) प्रदेश समपुरक अनुदान सम्वन्धि कार्यविधि २०७७ अनुसार पालिकाले कुल खर्चको ५० प्रतिशत मात्र खर्च बागमति प्रदेश समपुरक कोष बाट गर्नुपर्नेमा ससाह अमराई रोड निर्माणको लागि गो भौ नं २३४।०७७।१२।२० बाट रु २०२७३३३ , गो भौ नं ५९३।०७८।३।३० बाट रु ३७९८६७८ गरी कुल रु ५८२६०११, एक्लेपिपल सातदोबाटो समिभंज्याङ्ग सडकको लागि गो भौ नं ५६८।०७८।३।३० बाट रु ६५३२३१ र ५९५।०७८।३।३० बाट रु ५३७६५९० (मध्ये रु १२२०००० पालिकाको आन्तरिक )गरी कुल रु ६०२९८२१ , हुलाक भंज्याङ्ग बुङ्ग कोटघाट बाङ्गर्रह सडक को लागि गो भौ नं ५५८।०७८।३।३० बाट रु १९२४५६३।९३ र गो भौ नं ५९०।०७८।३।३० बाट रु १८१५००० गरी कुल रु ३७३९५६३।९३ र छोरी गण्डकी घलेडाँडा लिफ्ट सिंचाई आयोजनाको लागि गो भौ नं ५८७।०७८।३।३० बाट रु ६६०११२९ गरी ४ वटा आयोजनाको कुल खर्च रु २२१९६५२४.९३ खर्च भएकोमा सो को ५० प्रतिशतले हुने रकम रु ११०९८२६२.४६ सम्पुरक कोषबाट खर्च लेखी बाँकी रकम स्थानीय तहले आफ्नो बजेट बाट खर्च लेख्नुपर्नेमा रु २३८४७९६२ सवै रकम सम्परक कोषबाट खर्च लेखी बढी खर्च लेखेको रु १२७४९६९९ प्रदेश संचित कोषमा फिर्ता पठाउनुपर्ने रु</td><td></td></tr>
<tr><td>५५</td><td>१४४</td><td>२०७८-३-३०</td><td>यातायात खर्च<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार विल भरपाई को आधारमा श्रेष्ता राख्ने र सो को औचित्यको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले गो भौ नं १४४।०७८।३।३० बाट महिला स्वयंसेविकालाई यातायात खर्च बापत रु ३००० का दरले रकम वितरण गरेको अवस्थामा पुन: यातायात खर्च छुट भएको भनी एकै जनाले रकम बुझेको भरपाई पेश गरी रु ११७००० खर्च लेखेको भरपाई पेश गरी खर्च लेखेको ले छानविन गरी असुल गरी दाखिला गर्नुपर्ने रु</td><td>११७,०००</td></tr>
<tr><td>५६</td><td></td><td></td><td>बढी भुक्तानी<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार विल भरपाई को आधारमा श्रेष्ता राख्ने र सो को औचित्यको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पाालिका अन्तर्गत स्वास्थ्य शाखाका प्रमुख श्री सुजन श्रेष्ठले संचालन गरेको निम्नानुसारको कार्यक्रमको पेश्की फर्योछ गर्दा विल भरपाई कम पेश गरी बढी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु<br><br>
<table>
<tr><th>गो भौ नं र मिति</th><th>कार्यक्रमको नाम</th><th>पेश्की फर्छ्यौट गरेको रकम</th><th>विल भरपाई पेश भएको रु</th><th>बिल भन्दा बढी भुक्तानी</th></tr>
<tr><td>१४४।०७८।३।३०</td><td>समुदायमा आधारित नवजात शिशु तथा बाल रोग को एकिकृत व्यवसाय</td><td>१०००००</td><td>७९१००</td><td>२०९००</td></tr>
<tr><td></td><td>पोषण कार्यक्रम</td><td>४१३०००</td><td>१९२५००</td><td>२२०५००</td></tr>
<tr><td></td><td>मातृ तथा नवजात कार्यक्रम</td><td>३४७०००</td><td>१६४७२०</td><td>१८२२८०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>४२३६८०</td></tr>
</table></td><td>४२३,६८०</td></tr>
<tr><td>५७</td><td></td><td></td><td>करार शिक्षकलाई ग्रेड</td><td>११,५३१</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | शिक्षा मन्त्रालयद्धारा जारी गरीएको कार्यक्रम कार्यान्वियन निर्देशिका २०७७ अनुसार करारमा कार्यरत शिक्षकलाई ग्रेड रकम नदिने व्यवस्था गरेको छ । पालिकाले ठूलोचौर मा वि ज्वालामूखी का करार शिक्षक श्री राममणी लम्साल लाई मासिक रु ८८७ का दरले ग्रेड रकम उपलव्ध गराई बार्षिक रुपमा रु ११५३१ उपलव्ध गराएको हुदा कार्यविधि विपरीत उपलव्ध गराएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु | |
| ५८ | | | **इन्टरनेट जडान**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले विल भरपाई सहित लेखा राख्ने र सो को औचित्यको आधारमा लेखाउत्तरदायि अधिकृतले भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । साथै करार ऐन २०५६ अनुसार सार्वजनिक निकायले कुनै पनि सेवा लिन करार सम्झौता अनुसारको सेवा तथा सुविधा लिने दिने व्यवस्था रहेको छ । पालिकाले इन्टरनेट सेवा को आ व २०७५।७६ मा पि डि एस सर्भरलाई ८ वटा पोईन्टको लागि मासिक २२ हजारको दरले रकम भुक्तानी दिने भनी सम्झौता गरेकोमा त्यसको म्याद थप वार्षिक रुपमा स्वत: हुने गरी सम्झौता गरेकोमा हालसम्म विभिन्न मितिमा सर्भिस तथा नया पोइन्ट जडान गरेको भनी बार्षिक रुपमा १४ लाख ४५ हजार इन्टरनेटमा खर्च गरेको सो कम्पनी सँग कति पोइन जडान गरेको सो को विवरण पेश नगरी बार्षिक रुपमा रु १६५००० मात्र भुक्तानी गर्ने गरी सम्झौता गरेकोमा हाल आएर वार्षिक रुपमा १४ भन्दा बढी रकम भुक्तानी दिने कार्य नियमसँगत नदेखिई अनियमित भएको रु | १,६४५,००० |
| ५९ | | | **प्रमाण कागजात**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार विल भरपाई को आधारमा श्रेष्ता राख्ने र सो को औचित्यको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । साथै कार्यसंचालन निर्देशिका २०७७ अनुसार स्थानीय तहले अधिल्लो आर्थिक वर्षको इमिस रिपोर्टका आधारमा ७५ प्रतिशत रकम भुक्तानी गर्ने र बाँकी २५ प्रतिशत सम्मको रकम विल भरपाई र विद्यार्थी भर्नाको आधारमा भुक्तानी दिने व्यवस्था रहेकोमा सो व्यवस्था विपरित पालिकाले आ व को अन्त्यमा गो भौ नं ७२।०७८।२।२५ बाट ३८ विद्यालयलाई रु २३८३८५६ भुक्तानी दिएको छ । नियमानुसार पालिकाले उक्त आ व मा कति विद्यार्थि भर्ना भएको हो साथै विद्यालयले कति पुस्तक किनेको हो सो को प्रमाण कागजात तथा विल भरपाई पेश गर्नुपर्ने रु | २,३८३,८५६ |
| ६० | | | **कार्यक्रम संचालन**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार विल भरपाई सहित लेखा राख्ने र सो को औचित्यको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । तथा अर्थ मन्त्रालयद्धारा जारी कार्य संचालन निर्देशिका २०७५ अनुसार सार्वजनिक निकायले स्थानिय तहमा संचालन गरिने कार्यक्रमका आन्तरिक प्रशिक्षकलाई कार्यपत्र बापत रु ७०० का दर , बाह्य प्रशिक्षकलाई १३०० का दर र सहभागीलाई २ दिन सम्मको कार्यक्रममा रु २०० का दर , २ दिन भन्दा माथी जतिसुकै दिन संचालित कार्यक्रमलाई रु ५०० का दरले यातायात खर्च बापत को रकम भुक्तानी गर्न सकिनेमा सो भन्दा बढी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु | |

| गो भौ नं र मिति | कार्यक्रमको नाम | यातायात बापत भुक्तानी | सहभागी बापत भुक्तानी | प्रशिक्षण बापत भुक्तानी | अन्य भुक्तानी | बढी भक्तानी |
|---|---|---|---|---|---|---|
| ७८। ०७८।२। २७ | आयोजना सम्वन्धी २ दिने कार्यक्रम | २० जनालाई २ दिने कार्यक्रममा रु ५०० का दरले भुक्तानी गरी रु ६००० बढी भुक्तानी | | ५ जनालाई ८ वटा को सेसनको रु २००० का दरले भुक्तानी दिई बढी भुक्तानी भएको रु १०४०० | | १६४०० |
| ७९। ०७८।२। २७ | आयोजना सम्वन्धि १ दिने कार्यक्रम | | | ४ जनालाई रु २००० का दरले ४ वटा सेसन को भुक्तानी दिई बढी भुक्तानी भएको रु ५२०० | | ५२०० |
| १२२। ०७८।३। २४ | स्थानीय तहको लैङ्गिक हिंसा निवारण कार्यक्रम | १४ जनालाई यातायात खर्च बापत रु ५०० का दरले भुक्तानी दिई बढी भुक्तानी भएको रु ४२०० | | ४ जना आन्तरिक प्रशिक्षकलाई प्रशिक्षण गरेको भनी रु २००० का दरले २० वटा कक्षाको बढी भुक्तानी भएको रु २६००० | | ३०२०० |
| | | | | | | |
| | | | | | | |

| | | | | |
|---|---|---|---|---|
| ६१ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार प्रमाण कागजात सहित लेखा राख्नुपर्ने र सो को औचित्यको आधारमा उत्तरदायि अधिकृतले भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विभिन्न स्थानमा ढुङ्गा प्रयोग गरी गरिने निर्माण कार्यको लागि जुनसुकै स्थानमा निर्माण गरेको भएतापनि एकमुष्ट रुपमा ढुङ्गा ढुवानी बापत रु २००० प्रति घ मी का दरले भुक्तानी भएको छ । वैज्ञानिक तवलरले एक निश्चित दरमा दुरीको आधारमा ढुवानी दिई लागत अनुमान तयार गरी सोही आधारमा भुक्तानी दिनुपर्नेमा सो नगरी एकमुष्ट रुपमा रकम भुक्तानी दिएको कारण रु २ लाखको कार्य गर्दा समेत ढुङ्गा ढुवानी बापत ९५ हजार भुक्तानी भएको छ । पालिकाले यस प्रकारको लागत अनुमान तयार गर्ने कार्यमा सुधार गर्नुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| ६२ | ८६ | २०७८-२-२८ | **प्रमाण कागजात**<br>शिक्षा मन्त्रालयद्धारा जारी गरेको कार्यक्रम कार्यान्वयन पुष्तिका २०७७ अनुसार स्थानीय तह मातहत संचालित विद्यालयले शिक्षण लाईसेन्स बेगर शिक्षकलाई नियुक्ति गरी तलव भुक्तानी दिन सिफारिस गर्न नहुने व्यवस्था रहेको छ । पालिकाले शुन्य दरवन्दी भएका विद्यालयलाई प्राप्त शिक्षक अनुदानमा राखेको प्रमाण कागजात बेगर विभिन्न ५ वटा विद्यालयलाई १२ महिनाको लागि एकमुष्ट गो भौ नं ८६। ०७८।२।२८ बाट रु २५९१२८० भुक्तानी भएको छ । पालिकाले सम्वन्धित विद्यालयले शिक्षक नियुक्त गरेको प्रमाण कागजात पेश गर्नुपर्ने रु | २,५९१,२८० |
| ६३ | | | **सेनेटरी प्याड खरिद**<br>सेनटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि 2076 मा विद्यालयले छात्रा विद्यार्थी लगत तयार गरी सम्वन्धीत स्थानीय तहमा लेखी पठाउने र स्थानीय तहले प्राप्त संख्याको आधारमा एक महिनामा बढीमा प्रति विद्यार्थी १६ वटा सेनेटरी प्याड वितरण गर्ने गरी सम्वन्धीत विद्यालयको महिला शिक्षक वा कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी प्याड वितरण प्रकृया सुचारु गरी तेस्को भरपाई तयार गरी अर्को महिनाको ७ गते सुचना पार्टिमा विवरण टास्नु पर्ने व्यवस्था उल्लेख गरेको छ । गाँउपालिकाले उक्त प्रकृया पुरा नगरी यस वर्ष उक्त शिर्षकमा गो भौ नं. ६२।०७८।१।२४ बाट मोर्डन इन्टरप्राइजेज लाई रु. १४१६821 भुक्तानी भएको छ ।आ.व. को अन्त्यमा सामाग्री खरिद गरी वितरण गरिएकोमा कार्यक्रमको उद्देश्य अनुरुप शिक्षाको गुणस्तरमा टेवा पुगेको/नपुगरेको भन्न सकिने आधार देखिएन साथै उक्त सामाग्री वितरण नगरी स्टोरमा मौज्दातमा रहेको कार्यालयले जनाएको छ। गाँउपालिकाले यस सम्वन्धमा अनुगमन गर्नुपर्दछ ।<br><br>क) उक्त सामाग्रीको गुणस्तर परिक्षण गरी वितरण गर्नुपर्नेमा सो गुणस्तर परिक्षण गरेको प्रमाण पेश गरेको छैन । साथै विद्यालयगत अभिलेख खाता नभएको कारण कुन विद्यालयलाई कति मात्रामा आवस्यक थियो र सो बमोजिम वितरण भए/नभएको एकिन गर्न सकिएन ।<br><br>ख) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ अनुसार सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार २० लाख रुपैँयासम्म लागत अनुमान भएको मालसमान, निर्माण कार्य वा जुनसुकै सेवा खरिद गर्दा सिलवन्दी दरभाउपत्र आवह्वान गरी खरिद गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले कोटेसनको माध्यमकाट २ टुक्रा पारी सेनेटरी प्याड खरिद गरेको हुदा आगमी दिनमा खरिद प्रकृया अनुसार खरिद कार्य गरी खरिद कार्यलाई मितव्ययी बनाउनुपर्दछ ।<br><br>ग) सेनिटरी प्याड खरिद कार्यविधि अनुसार खरिद गरिएको प्याड तोकीएको मापदण्ड बमोजिम हुनुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो सम्वन्धि चेक गरेको प्रमाण कागजात पेश नगरेको हुदा खरिद गरेको प्याड तोकिएको गुणस्तरको थियो । थिएन सो सम्वन्धमा एकिन गर्न नसकिएको हुदा पालिकाले सो सम्वन्धमा गुण चेक गरिएको प्रमाण पेश गर्नुपर्ने रु | १,४१६,८२१ |
| ६४ | | | **औषधि खरिद**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (१) सार्वजनिक निकायले बीसलाख रुपैया भन्दा बढी लागत अनुमान भएको खरिद कार्यको खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको गो भौ नं बाट विभिन्न टुक्रा पारी औषधि खरिद गरी नियम बिपरित प्रतिष्पर्धा लाई सिमित गर्ने गरी खरिद कार्यमा नियन्त्रण गर्नुपर्ने साथै टुक्रा पारी खरिद गरी अनियमित भएको रु | ४,०९६,९५५ |

| गो भौ नं र मिति | औषधि सप्लायर्सको नाम | सप्लायर्सको नाम | औषधी आइटम | रकम |
|---|---|---|---|---|
| १०१।०७८।३।१४ | अत्यावस्यक औषधि खरिद | गोसाइकुण्ड मेडिसिन सप्लायर्स | विभिन्न | ४९१५१५ |
| | अत्यावस्यक औषधि खरिद | धर्मभक्त मेडिसिन सप्लायर्स | विभिन्न आइटम | २५१००० |
| ४२९।०७८।३।३० | विभिन्न अत्यावस्यक औषधि खरिद | केवलेश्वर मेडिसेल्स | विभिन्न आइटम | १४४२०९ |
| | | बंगलामुखी मेडिसिन सप्लायर्स | विभिन्न आइटम | ४४६८१६ |
| | | युदिप मेडिको सप्लायर्स | | ४९०००० |
| १०१।०७८।३।१४ | आधारभुत औषधी खरिद | गोसाइकुण्ड मेडिसिन सप्लायर्स | | ४९१००० |
| | | धर्मभक्त मेडिसिन सप्लायर्स | | २५१००० |
| १५८।०७८।३।१४ | कोभिड अस्पतालमा मेडिसिन खरिद | डालिमा मेडि सेल्स | | ८५०००० |
| २२।०७८।३।१४ | एक विद्यालय एक नर्स कार्यक्रम मा औषधि खरिद | डालिमा मेडि सेल्स | | ४३८४१५ |
| ३१९।०७८।३।१४ | औषधि खरिद | धर्मभक्त मेडिसेल्स | | २४३००० |
| जम्मा | | | | ४०९६९५५ |

| | | | | |
|---|---|---|---|---|
| ६५ | ११२ | २०७८-३-२१ | **स्थानीय खेल मैदान निर्माण**<br>स्थानीय तह खेल ग्राम निर्माण गर्नको लागि रु ३० लाख बजेट प्राप्त भएकोमा पालिकाले स्थानीय तह निर्माण उपभोक्तान समिति तयार गरी मिति २०७८।३।२० मा निर्माण सम्पन्न गर्ने गरी मिति २०७८।३।४ मा सम्झौता गरी सो ही अनुसार कार्य गरेको भनी गो भौ नं ११२।०७८।३।२१ बाट रु १६४९००० र खेल मैदानको डि पि आर तयार गरेको भनि बिल्ड एसिया रिसर्च एण्ड डेभलपर्सलाई गो भौ नं १२८।०७८।३।२७ बाट रु ११९७८०० गरी कुल रु २८४६८०० खर्च भएको श्रेष्ताको परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।<br><br>क) स्थानीय तहमा खेलकुद पूर्वाधार निर्माण सम्वन्धि कार्यविधि २०७५ अनुसार पहाडी क्षेत्रमा २० रोपनी जग्गा हुनुपर्ने र सो जग्गाको स्वामित्व निजि तथा सहकारी संस्थाको भएमा सो जग्गा २० वर्ष जग्गा प्रयोग गर्न दिने सम्झौता भएको प्रमाण पेश गर्नुपर्नेमा सो प्रमाण पेश नगरेको हुदा प्रमाण पेश गर्नुपर्ने रु<br><br>ख) माथि उल्लेखित कार्यविधिको बुदा नं ५(२) मा सम्वन्धित पालिकाले अनुदान प्राप्त गर्दा अनुसुचि १ बमोजिमको निवेदनको साथमा डि पि आर प्रतिवेदन पेश गर्नुपर्नेमा सो नगरी पछि मन्त्रालयबाट प्राप्त अनुदानबाट डि पि आर तयार गरेको भनी स्थानिय तहले आफैले तयार गरी अनुदानको लागि मन्त्रालयमा पेश गर्नुपर्नेमा सो नगरी गो भौ नं १२८।०७८।३।२७ बाट बिल्ड एसिया रिसर्च एण्ड डेभल्पर्सलाई डि पि आर तयार गरेको भनी भुक्तानी भएको रु ११९७८०० असुल गरी दाखिला गर्नुपर्ने रु | २,८४६,८०० |


https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| | | | ग) कार्यविधि अनुसार कुल लागत अनुमानको ५० प्रतिशत योगदान स्थानीय तहले व्यहोर्ने भनी निर्णय गरी मन्त्रालयमा पठाएको अवस्थामा कुल बजेट खर्चको ५० प्रतिशत खर्च स्थानीय तहले आफुले खर्च लेखी बाँकी ५० प्रतिशत रकम संघीय शसर्त अनुदानबाट लेख्नुपर्नेमा सो नगरी गो भौ नं ११२।०७८।३।२१ बाट स्थानीय तह खेलग्राम निर्माण उ स लाई भुक्तानी दिएको रु १६४९००० मध्ये सबै खर्च संघीय शर्सत बाट खर्च लेखेको हुदा स्थानीय तहको आन्तरिक शिर्षकबाट खर्च लेख्नुपर्ने ५० प्रतिशत रकम संघीय संचित कोषमा फिर्ता पठाउनुपर्ने रु<br><br>घ) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्रानुसार संघीय शसर्त अनुदानबाट खर्च गरी आ व को अन्त्यमा बाँकी रहेको रकम सम्वन्धीय संचित कोषमा फिर्ता पठाउनुपर्ने व्यवस्था रहेकोमा पालिकालाई रु ३० लाख प्राप्त भएकोमा रु २८ लाख ४६ हजार खर्च नभइ बाँकी रहेको रु १ लाख ५४ हजार फिर्ता पठाएको प्रमाण पेश गर्नुपर्ने रु<br><br>ङ) कार्यविधि अनुसार खेलकुद मैदानको लागि डि पि आर तयार गरी २ करोड नबढ्ने गरी स्थानीय तहले ५० प्रतिशत व्यहोर्ने गरी निवेदन पेश गर्नुपर्नेमा सो कार्यको लागि खरिद नियमावली अनुसार ठेक्का प्रकृया द्धारा निर्माण कार्य गर्नुपर्नेमा उपभोक्ता समिति तयार गरी निर्माण कार्य गरी अनियमित भएको रु | |
| ६६ | १०५ | २०७८-३-१६ | **एक गाँउ एक प्राविधिक खर्च**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार विल भरपाई सहित लेखा राख्ने र सो को औचित्यको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले एक गाँउ एक प्राविधिक शिर्षकमा विनियोजन भएको शिषर्कमा कार्यरत ३ जना प्राविधिक लाई ६ महिनाको तलव १ महिनाको पोशाक भत्ता र दशै बापतको एक महिनाको तलव बापत रु ५ लाख ८८ हजार ८१० भुक्तानी दिनुपर्नेमा गो भौ नं १०५।०७८।३।१६ बाट रु ७ लाख 45 हजार खर्च लेखी रु १ लाख ५६ हजार २७० बढी खर्च लेखेको रकम संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु | १५६,२७० |
| ६७ | ८० | | **प्रमाण कागजात**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार विल भरपाई सहित लेखा राख्ने र सो को औचित्यको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिका मातहतको पंजिरकण शाखाबाट संचालित विभिन्न कार्यक्रममा खाजा खुआएको भनी शाखा प्रमुख ज्ञानी कडेलले आवस्यक प्रमाण कागजात बेगर टुक्रे विल पेश गरेको आधारमा रु ४०३३० भुक्तानी भएको छ । कुन कुन कार्यक्रममा रकम भुक्तानी भएको हो सो प्रमाण पेश गर्नुपर्ने रु | ४०,३३० |
| ६८ | १०८ | २०७८-३-१७ | **प्रमाण**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार विल भरपाई सहित लेखा राख्ने र सो को रीत पुगे वा नगपुगेको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले कोभिड १९ का मा कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम शिर्षक अन्तर्गत ४० वटा विद्यालयको खातामा गो भौ नं १०८।०७८।३।१७ बाट रु ३४३०००० निकासा भएको छ ।विद्यालयल उक्त अनुदानबाट कुन कुन कार्यमा कुन तवरले खर्च गरेको सो खुल्ने प्रमाण पेश गर्नुपर्ने रु | ३,४४०,००० |
| ६९ | | | **कल्याणकारी कोष**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ मा साबिक जिविस बाट समायोजन भई आएका तथा साबिकका गाविस का स्थायी कर्मचारीको लागी उपदान कोष बनाई लागु पर्नेमा पालिकाले उक्त कार्य नगरी करार कर्मचारीको लागि कल्याण कोष संचालन तथा व्यवस्थापन सम्बन्धि कोष बनाई वार्षिक रुपमा गाउँपालिकाबाट एकमुष्ट रुपमा १० लाखको दरले रकम ट्रान्सफर गर्ने तथा करार कर्मचारीबाट मासिक तलब भत्ता वापतको ५ प्रतिशत रकम कट्टा गरी सोही बराबरको रकम पालिकाले कल्याणकारी कोषमा रकम दाखिला गर्ने गरेको देखियो । स्थानीय सरकार संचालन ऐन, २०५४ मा करार कर्मचारीका लागि कल्याणकारी कोषको व्यवस्था नगरेकोमा पालिकाले निर्णय गरी एकमुष्ट रुपमा रु १० लाख जम्मा गरेको रकम संचित कोषमा फिर्ता गर्नुपर्दछ । | |
| ७० | | | **साबिक जिविसका कर्मचारीलाई ग्रेड रकम**<br>निजामती सेवा ऐन, २०४९ को दफा २७ मा स्थायी कर्मचारीले एक वर्ष व्यतित भएपछि ग्रेड बापत थप रकम पाउने व्यवस्था रहेको छ । कार्यालयले साबिक जिल्ला विकास समितिबाट समायोजन भई आएका सब ईन्जिनियर ज्ञानेन्द्रजंग शाहलाई प्रति ग्रेड रु ९४० का दरले मासिक ६ ग्रेडका दरले रु ५६४०। गरी १३ महिनाको रु ७३३२० भुक्तानी दिएको छ । स्थानीय सरकार संचालन ऐन २०७४ मा | |

| | | | | |
|---|---|---|---|---|
| | | | करार कर्मचारी तथा साविकका स्थानिय कर्मचारीलाई ग्रेड रकम सम्वन्धि कुनै नितिगत व्यवस्था नगरेको र पालिकाले समेत कुनैपनि नितिगत व्यवस्था नगरी ग्रेड भुक्तान गरी अनियमित भएको छ । कानूनी व्यवस्था गरेर मात्र ग्रेड बापतको रकम भुक्तानी गर्नुपर्ने देखिन्छ । | |
| ७१ | | | **विज्ञापन**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) मा सार्वजनिक निकायले रु २० लाख भन्दा बढी लागत अनुमान भएको खरिद कार्य गर्न खुल्ला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष सुचना प्रकाशन शीर्षकमा रु २० लाख बजेट विनियोजन गरी रु १९६८९१८। खर्च गरेकोमा विभिन्न मितिमा विभिन्न पक्षसँग सोझै खरिद गरेको छ । खरिद नियमावली बमोजिम खरिद प्रक्रिया अवलम्बन गरी सुचना प्रकाशन खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ । | |
| ७२ | | | **भ्रमण खर्च**<br>भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गर्ने अवधिमा फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने व्यवस्था रहेको छ। तर श्रेस्ता परीक्षणका क्रममा कर्मचारीको दैनिक भ्रमण भत्ता भुक्तानीमा प्राप्त गर्ने स्थानीय भत्ता बराबरको रकम कट्टी गरेको पाइएन ।कर्मचारी सरकारी कामको सिलसिलामा भ्रमणमा रहेको विवरण प्रष्ट हुने भ्रमण अभिलेख राखेको पाइएन भने भ्रमण सम्पन्न पश्चातको भ्रमण प्रतिवेदन पनि राखेको पाइएन । भ्रमण खर्च नियमावली, २०६४ को पालना तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ । | |
| ७३ | १७ | २०७७-६-२७ | **परामर्श सेवा**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२(१ र २) मा २० लाख भन्दा कम लागत अनुमान भएको परामर्श सेवा खरिद गर्दा सुचिकृत भएका ६ वटा परामर्श दाताबाट प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरी कम कबोल गर्ने परामर्शदातासँग सम्झौता गरि सेवा खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले गोश्वारा भौचर नं १७।२०७७।६।२७ बाट ग्रिन इनोभेटिभ डेभलोपमेन्ट कन्सल्टेन्सी प्रालि सँग परामर्श सेवा खरिद गरी रु ४९९५७३। भुक्तानी दिएकोमा ३ वटा परामर्शदातासँग आर्थिक प्रस्ताव लिएर सोही आधारमा सेवा खरिद गरिएको देखियो । यसरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम विपरित हुने गरी भुक्तानी भएको देखिएकोले नियमसम्मत भन्न नमिल्ने रु | ४९९,५७३ |
| ७४ | ३२ | २०७८-३-३० | **एक विद्यालय एक नर्स कार्यक्रम**<br>आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०)मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । कार्यालयले गोश्वारा भौचर नं ३२।२०७८।३।३० बाट एक विद्यालय एक नर्स कार्यक्रम संचालन निरन्तरता तथा विस्तार कार्यक्रम अन्तर्गत औषधिजन्य सामाग्री तथा फर्निचर खरिद वापत रु ३९८०७०। खर्च लेखिएको छ । खरिद गरिएको सामाग्री कुन विद्यालयलाई हस्तान्तरण गरिएको हो सो को प्रमाण तथा विद्यालयको सामाग्री दाखिलाको प्रमाण पेश नभएकोले पेश हुनुपर्ने रु | ३९८,०७० |
| ७५ | २०५ | २०७७-१२-१२ | **तालिम सञ्चालन**<br>आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) मा तालिम सञ्चालन गर्दा तालिमको लागत अनुमान स्वीकृत हुनुपर्ने र नियम ३९(८) मा तालिममा उपस्थित व्यक्तिको संख्या र उपस्थित समेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकारप्राप्त अधिकारिबाट स्वीकृत गराउनुपर्ने उल्लेख छ । त्यस्तै अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका, २०७५ को बुँदा ७.१.१५ मा नेपाल सरकारका तालिम केन्द्र बाहेक अन्य निकायबाट संचालन हुने कार्यक्रममा लाग्ने खर्चको अधिकतम नर्म्स उल्लेख छ । निर्देशिकाको बुँदा नं ७.१.१५ मा तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए बापतको पारिश्रमिक नपाउने तर कार्यपत्र बापत रु ७०० का दरले पारिश्रमिक पाउने र वाह्य स्रोत व्यक्ति भएको अवस्थामा प्रशिक्षण वापत रु १३००। पाउने उल्लेख छ । कार्यालयको देहायको गोश्वारा भौचरबाट तालिममा प्रशिक्षण वापत आन्तरिक प्रशिक्षक र वाह्य प्रशिक्षकलाई अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका, २०७५ मा व्यवस्था भएभन्दा बढी दरमा रु ७२१००। बढी भुक्तानी भएको देखिएकोले कार्यालयलाई थप व्ययभार पर्न गएको देखिन्छ । तालिम सञ्चालन गर्दा तालिमको लागत अनुमान स्वीकृत भएको देखिएन भने तालिमको प्रतिवेदन तयार गरी पेश भएको देखिएन । कार्यालयले यस्तो खर्चमा नियन्त्रण गरी कानुनको पालनातर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| गो.भौ.नं.।मिति | कार्यक्रम | प्रशिक्षक | कक्षा | दर | भुक्तानी हुनुपर्ने | भुक्तानी भएको | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| २८०। २०७७।३।१ | ३५ दिने बेमौसमी तरकारी खेती तालिम | एग्रो संचालक प्रकाश दुवाडी | ४ | १३०० | ५२०० | ८००० | २८०० |
| | | उपसचिव झलकनाथ कँडेल | ६ | १३०० | ७८०० | १२००० | ४२०० |
| | | अध्यक्ष विनोदराज तिमल्सेना | २ | ७०० | १४०० | ४००० | २६०० |
| | | उपाध्यक्ष जानुका सिंखडा | २ | ७०० | १४०० | ४००० | २६०० |
| | | वडाध्यक्ष अर्जुन अर्याल | २ | ७०० | १४०० | ४००० | २६०० |
| | | प्र.प्र.अ. बद्रिनाथ लम्साल | २ | ७०० | १४०० | ४००० | २६०० |
| | | ले.अ. विदुर शर्मा नेपाल | २ | ७०० | १४०० | ४००० | २६०० |
| | | प्र.स. धन बहादुर मास्की | २ | ७०० | १४०० | ४००० | २६०० |
| ३५६। २०७८।३।२४ | महिला लक्षित वर्ग कार्यक्रम | गायत्री खतिवडा | १४ | १३०० | १८२०० | २८००० | ९८०० |
| | | उपाध्यक्ष जानुका सिंखडा | ३ | ७०० | २१०० | ६००० | ३९०० |
| | | प्र.प्र.अ. बद्रिनाथ लम्साल | ३ | ७०० | २१०० | ६००० | ३९०० |
| | | विन्दा पोखरेल | ६ | १३०० | ७८०० | १२००० | ४२०० |
| | | सान्नानी परियार | ७ | १३०० | ९१०० | १४००० | ४९०० |
| | | खिल कुमारी पोखरेल | ७ | १३०० | ९१०० | १४००० | ४९०० |
| | | निर्मला सामरी | ७ | १३०० | ९१०० | १४००० | ४९०० |
| ३४४।२०७८।३।२४ | कर्मचारी पदाधिकारी तथा उपभोक्ता समितिहरुको क्षमता विकास तालिम | अध्यक्ष विनोदराज तिमल्सेना | २ | ७०० | १४०० | ४००० | २६०० |
| | | उपाध्यक्ष जानुका सिंखडा | २ | ७०० | १४०० | ४००० | २६०० |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>प्र.प्र.अ. बद्रिनाथ लम्साल</td><td>४</td><td>७००</td><td>२८००</td><td>८०००</td><td>५२००</td></tr>
<tr><td></td><td></td><td>ले.अ. विदुर शर्मा नेपाल</td><td>२</td><td>७००</td><td>१४००</td><td>४०००</td><td>२६००</td></tr>
<tr><td colspan="7">जम्मा</td><td>७२१००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७६</td><td>३९०</td><td>२०७८-३-२९</td><td>अनुदान<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले गोश्वारा भौचर नं ३९०।२०७८।३।२९ बाट गुणस्तरीय शिक्षा तथा परिक्षा व्यवस्थापन का लागि विद्यालयहरुलाई रु ११६४४९९। अनुदान रकम दिएको छ । जसमध्ये शिक्षक नियुक्त गरी पारिश्रमिक भुक्तानीका लागि ठूलोचौर मावि लाई रु ३५००००। र सुनखानि माविलाई रु ३५००००। अनुदान रकम दिइएकोमा शिक्षक नियुक्ति र पारिश्रमिक भुक्तानीको प्रमाण कागजात पेश भएको देखिएन । यसरी पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७७</td><td>२७</td><td>२०७८-३-२६</td><td>खर्चको पुष्टयाँई<br>आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०)मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अधि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । कार्यालयको गोश्वारा भौचर नं २७।२०७८।३।२६ बाट न्युनतम सेवा मापदण्ड सुधारका लागि देहायका स्वास्थ्य संस्था प्राथमिक स्वास्थ्य केन्द्र हेल्थ पोष्टलाई निम्न बमोजिम रु ४३५०००। शसर्त अनुदान दिएको छ । खर्चलाई पुष्टि हुने बिल, भरपाई, कागजात, प्रमाण पेश नभएकोले पेश हुनुपर्ने रु
<table>
<tr><td>स्वास्थ्य चौकी</td><td>रकम</td></tr>
<tr><td>स्वास्थ्य चौकी संचालन तथा व्यवस्थापन समिति मैदी स्वास्थ्य चौकी</td><td>१०००००</td></tr>
<tr><td>खरी स्वास्थ्य चौकी</td><td>१०००००</td></tr>
<tr><td>ढोला स्वास्थ्य चौकी</td><td>१०००००</td></tr>
<tr><td>सालवास स्वास्थ्य चौकी</td><td>१०००००</td></tr>
<tr><td>पिपलटार सामुदायिक स्वास्थ्य इकाई</td><td>२००००</td></tr>
<tr><td>रातमाटा सामुदायिक स्वास्थ्य सेवा विन्दु</td><td>१५०००</td></tr>
<tr><td>जम्मा</td><td>४३५०००</td></tr>
</table>
</td><td>४३५,०००</td></tr>
<tr><td>७८</td><td>११५</td><td>२०७७-९-२७</td><td>वितरणको भरपाई पेश नभएको</td><td>१३७,८६९</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयको गोश्वारा भौचर नं ११५।२०७७।९।२७ बाट कार्यालय संचालन तथा मसलन्द खर्चबाट रु १३७८६९। को ४० थान ब्याग खरिद गरिएको छ । सो ४० थान ब्यागको वितरणको भरपाई पेश नभएकोले पेश हुनुपर्ने रु | |
| ७९ | | | **अनुगमन, मूल्याङ्कन**<br>स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (प्रथम संशोधन ) मिति २०७७ बैशाख ३ मा राजपत्रमा प्रकाशन गरेको पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १ मा उल्लेख भएको सूविधा मात्र दिन मिल्ने देखिन्छ ।स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिका भित्रका विभिन्न वडामा सञ्चालित विभिन्न योजनाहरुको तथा कार्यक्रमको अनुगमन गर्नु पदाधिकारीको साधारण दैनिक कार्य र नैतिक जिम्मेवारी अन्तर्गत पर्दछ । साथै पदाधिकारीहरुले गाउँपालिकाको योजना अनुगमन गर्नको लागि भनि गाडी प्रयोग गरेको खण्डमा अनुगमन खर्च दिन नपाउनेमा विभिन्न समयको अनुगमन खर्च भनि गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत समेत प्राविधिक, लेखाशाखाका कर्मचारी, प्रशासन शाखाका कर्मचारी लगायतलाई अनुगमन भत्ता भुक्तानी दिएको देखिन्छ ।यसरी साधारण दैनिक कार्य र नैतिक जिम्मेवारी अन्तर्गत पर्ने कार्यको लागि अनुगमन भत्ता भनि खर्च लेखिंदा कार्यालयलाई थप व्ययभार परेको देखिन्छ । | |
| ८० | ३८८ | २०७७-३-२९ | **भरपाई**<br>आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०)मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । कार्यालयको गोश्वारा भौचर ३८८।२०७८।३।२९ बाट वडा नं ५ को एक वडा एक उत्पादन कार्यक्रम अन्तर्गत कागती कलमी र लिचिको बिरुवा खरिद गरे वापत जय प्रकाश नर्सरी बागमती फार्मलाई रु ४९३०००भुक्तानी दिएको छ । देहाय बमोजिम बिरुवा खरिद भएकोमा बिरुवा वितरणको भरपाई पेश नभएकोले पेश गर्नुपर्ने देखिन्छ ।<br><br>विवरण / दर / खरिद बिरुवा / वितरणको भरपाई पेश / भरपाई पेश नभएको / भरपाई पेश नभएको रकम<br>कागती कलमी / १९० / १७०० / ११५५ / ५४५ / १०३५५०<br>लिचि / १०० / १७०० / ११५५ / ५४५ / ५४५००<br>जम्मा / / / / / १५८०५० | |
| ८१ | | | सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ ले बेरुजू फछ्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२)(घ) बमोजिम वेरुजू फछ्यौट गर्ने,गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था गरेको छ । बेरुजुको विवरण अद्यावधिक गरी नियमानुसार बेरुजु फछ्यौट गर्नुपर्दछ । कार्यालयले गत विगत वर्षसम्मको बेरुजू मध्ये रु. ७५३१२६९। लेखापरीक्षण डोरमा सम्परीक्षणको लागि अनुरोध<br>गरेकोमा प्रमाण कागजातको आधारमा रु. ३८२६२६९।सम्परीक्षण भएको छ। | |

| आर्थिक वर्ष | बेरुजु दफा | बेरुजु संक्षिप्त व्यहोरा | बेरुजु रकम | फर्छ्यौट गरिएको आधार व्यहोरा | संपरिक्षणको लागि पेश भएको रकम | संपरीक्षण भएको रकम |
|---|---|---|---|---|---|---|
| २०७३।७४ | 2 | टुक्रा पारी खरिद गरिएको | १०६२७९ | गाउँसभाबाट नियमित गरी प्रमाण सहित संपरीक्षणको लागि अनुरोध भएकोले | १०६२७९ | १०६२७९ |
| | ३ | विविध खर्च खाना खाजाको रकम भुक्तानी | १२०००० | | १२०००० | १२०००० |
| | १० | अन्य कार्यालयको खर्च | ३०१०० | | ३०१०० | ३०१०० |
| | ११ | फरक शीर्षक | २६९२५ | | २६९२५ | २६९२५ |
| | १८ | सार्वजनिक परिक्षण प्रतिवेदन पेश नभएको | २४००० | | २४००० | २४००० |
| | २२ | गाविसको कोष खातामा रकम जम्मा नगरी ढोला गाविसले खर्च गरेको रकम | १२४२९१ | | १२४२९१ | १२४२९१ |
| | २६ | गाविसको कोष खातामा रकम जम्मा नगरी मैदी गाविसले खर्च गरेको रकम | ८७४७० | | ८७४७० | ८७४७० |
| २०७४।७५ | ४ | विशेष भत्ता भुक्तानि | ४५८८२९.२५ | गाउँसभाबाट नियमित गरी प्रमाण सहित संपरीक्षणको लागि अनुरोध भएकोले | ४५८८२९.२५ | ४५८८२९.२५ |
| 2075।76 | 18 | सोझै खरिद गरिएको | २५१४२५२ | गाउँसभाबाट नियमित गरी प्रमाण सहित संपरीक्षणको लागि अनुरोध भएकोले | २५१४२५२ | २५१४२५२ |
| | ३४ | स्थानीय तह पदाधिकारी सुविधा | ३७०५००० | | ३७०५००० | 0 |
| | ४२ | कर दाखिला गर्नुपर्ने | २१०० | गाउँपालिकाको संचितकोषमा मिति २०७८।१२।०६ मा रु. २१००। दाखिला भएको राष्ट्रिय वाणिज्य बैंकको भौचर नं १११२४३९२ को दाखिला | २१०० | २१०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | भौचर पेश भई संपरीक्षणको लागि अनुरोध भएकोले | | |
| | ४३ | बढी तलब निकासा | २८१०२३.२४ | गाउँपालिकाको संचितकोषमा मिति २०७८।०६।१९ मा भौचर नं ९०००००४४७९ बाट रु २०८०८१, मिति २०७७।९।५ मा भौचर नं ०८१३६२५४ बाट रु ४२५५६.५० र भौचर नं ०८१३६२५१ बाट रु ३०३८५.७४ गरी जम्मा रु. 281023.24 दाखिला भएको राष्ट्रिय वाणिज्य बैंकको दाखिला भौचर पेश भई संपरीक्षणको लागि अनुरोध भएकोले | २८१०२३.२४ | २८१०२३.२४ |
| ०७२।०७३ | ८ | गतविगत आ.व. को पेश्की बाँकी | २०००० | कार्य सम्पन्न प्रतिवेदन र प्राविधिक नापजाँचको प्रमाण पेश भई संपरिक्षणको लागि अनुरोध भएकोले | २०००० | २०००० |
| | १२ | गतविगत आ.व. को पेश्की बाँकी | ३१००० | | ३१००० | ३१००० |
| | | | | | जम्मा | ३८२६२६९ |

८२ अनुगमन

गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, स्रेस्ता पेस नभएको, बैङ्क समायोजन, अग्रिम कर, बढी भुक्तानी, अधुरो निर्माण, नभएको कामको भुक्तानी, कर वीजक, सवारी साधन खरिद, ठेक्का स्वीकृति र ओभरहेड लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन । बेरुजू व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ ।

८३ बेरुजुको अध्यावधिक अवस्था

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने

व्यवस्था छ । पालिकाबाट गत विगत वर्षको बेरुजू फछ्र्यौटको तथा अध्यावधिक बेरुजूको स्थिति निम्नानुसार देखिएको छ ।

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| | | | | |